कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# कालंगा हाइड्रो लिमिटेड
# Kalanga Hydro Limited

रजिष्टर्ड कार्यालय : ल.म.न.पा.-३, धोबिघाट, ललितपुर, नेपाल, फोन नं.०१-५५२०९२७ र ५५२४३३५
इमेल: hydrokalanga@gmail.com वेवसाइट: www.kalangahydro.com.np

को

# विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

कम्पनीको जारी पूँजी रु.१,४०,००,००,०००/- (अक्षेरेपी एक अर्ब चालीस करोड मात्र) मध्ये ३५% अर्थात रु.४९,००,००,०००/- (अक्षेरेपी उनान्पचास करोड रुपैंया मात्र) रकम बराबर प्रति शेयर अंकित मुल्य रु.१००/- दरको ४९,००,००० कित्ता शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही १०% अर्थात रु.१४,००,००,०००/- (अक्षेरेपी चौध करोड रुपैंया मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको १४,००,००० कित्ता शेयर तथा सर्वसाधारणहरुको लागि बाँकी रहेको २५% अर्थात रु.३५,००,००,०००/- (अक्षेरेपी पैत्तिस करोड रुपैंया मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको ३५,००,००० कित्ता शेयर मध्ये नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको लागि १०% अर्थात् ३,५०,००० कित्ता, सामूहिक लगानी कोषहरुलाई ५% अर्थात् १,७५,००० कित्ता, कम्पनीमा कार्यरत कामदार/कर्मचारीहरुलाई ३% अर्थात् १,०५,००० कित्ता शेयर सुरक्षित गरि बाँकी रहेको २८,७०,००० कित्ता शेयर सर्वसाधारणहरुमा प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गरिएको छ। आयोजना प्रभावित क्षेत्रका बासिन्दा (अतिप्रभावित र प्रभावित) र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि निष्काशन गरेको शेयर पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा बाँकी रहेको शेयर सर्वसाधारणको लागि थप गरी निष्काशन गरिने छ। सर्वसाधारण शेयरधनीहरुको लागि आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु (अति प्रभावित र प्रभावित) र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको शेयर बाँडफाँड भए पश्चात् सार्वजनिक निष्काशनको लागी सूचना प्रकाशन गरी जानकारी गराईनेछ।

***नोट : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन बमोजिम हुनेगरि शेयर छुट्याईएको हो।***

| आयोजना प्रभावित क्षेत्र | छुट्टाइएको प्रतिशत | छुट्टाइएको शेयर संख्या र रकम |
|---|---|---|
| अति प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्ला अन्तर्गतका केदारस्यूँ गा.पा.को वडा नं. ४ र ५ (साविकको बाँफ-०३ समेत), त्यस्तै बित्थडचिर गा.पा. वडा नं. ६ र ८ (साविकको सुनकुँडा गा.वि.स. वडा नं. ३ र ५ समेत), बुंगल न.पा. को वडा नं. ३, ४, ६, ८ र ५ (साविकको खिरातडी गा.वि.स. वडा नं. ९ समेत), वैतडी जिल्लाको डिलासैनी गा.पा.को वडा नं. १ र २ तथा दार्चुला जिल्लाको शैल्यशिखर न.पा.को वडा नं. १। | ६५ | ९,१०,००० कित्ता<br>रु.९,१०,००,०००/- |
| प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्लाका केदारस्यूँ गाउँपालिका, वित्थडचिर गाउँपालिका र बुंगल नगरपालिकाका अतिप्रभावित क्षेत्रमा नपरेका वडाहरु, बैतडी जिल्लाको डिलासैनी गाँउपालिकाको अति प्रभावित क्षेत्रमा नपरेका वडाहरु, दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिकाको अतिप्रभावित क्षेत्रमा नपरेका वडाहरु। | ३५ | ४,९०,००० कित्ता<br>रु.४,९०,००,०००/- |

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु.१००/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको।**

- यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु (अति प्रभावित र प्रभावित) तथा कर्मचारीहरुलाई बिक्री वितरण गरेको शेयर सार्वजनिक निष्काशन भएको शेयरको बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।
- सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले ६ (छ) महिना पूरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन।
- साथै धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा ४(क) को ४ र दफा ४(ख) को (९) मा भएको व्यवस्था बमोजिम आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि छुट्याएको शेयरमा आवेदन दिएकोले सर्वसाधारणमा निष्काशन गरिएको शेयरमा लगानी गर्न पाउने छैन।
- विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम ३४ (१) मा भएको व्यवस्था बमोजिम विशिष्टीकृत लगानी कोषको स्वामित्वमा रहेको शेयरको लकइन अवधि १ वर्षको हुनेछ।

**आयोजना प्रभावित क्षेत्र (अति प्रभावित र प्रभावित) जिल्लाका स्थानीय बासिन्दाहरु, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारणहरुले न्यूनतम १० र अधिकतम २०,००० कित्ता शेयर आवेदन दिन सकिनेछ।**

## संक्षिप्त वित्तीय विवरण :

| विवरण | वास्तविक | | | *२०८२/२०८३ पौष मसान्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| **प्रति शेयर नेटवर्थ (रु.)** | १११.५१ | १००.२४ | ९८.५६ | १०५.०९ | १०५.८३ | ११६.६६ | १२९.०८ |
| **प्रति शेयर आम्दानी (रु.)** | (१०.९३) | (१५.४४) | (१.४८) | ६.५३ | ६.७७ | १०.८३ | १२.४२ |
| **संचित नाफा (नोक्सान) (रु. हजारमा)** | १४३,६८० | २,१६० | (१३,१४४) | ४६,२९९ | ८१,६८२ | २३३,२६३ | ४०७,१४४ |

***नोट:*** **अपरिष्कृत वित्तीय विवरण कम्पनीको लेखापरीक्षकबाट प्रमाणित भएको हो।*

| आयोजनाको नाम | उत्पादन क्षमता | कुल लागत रकम | प्रति मेगावाट लागत रकम | विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति |
|---|---|---|---|---|
| कालंगागाड जलविद्युत आयोजना | १५.३३ मे.वा. | रु.४,३३,९३,४२,३१०।०३ | रु.२८,३०,६२,१२०।६८ | २०७२/१२/१४ गते |
| **अनुमति बहाल रहने मिति** | **विद्युत उत्पादन अनुमतिको बाँकी अवधी** | **साधारण लगानी फिर्ता हुने अवधि** | **डिस्काउन्टमा लगानी फिर्ता हुने अवधी** | **सरकारलाई आयोजना हस्तान्तरण गर्ने मिति** |
| २१०७/१२/१३ गते | २५ वर्ष १ महिना | ९.२९ वर्ष | १८.०१ वर्ष | २१०७/१२/१३ गते |

**परियोजनाको आन्तरिक प्रतिफल दर (IRR) र खुद वर्तमान मूल्य (NPV) सम्वन्धी विवरण:** आयोजनाको आन्तरिक प्रतिफल दर (IRR) ९.७८% र खुद वर्तमान मूल्य (NPV) रु.७०.१६ करोड रहेको छ।

## लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयम्को हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको पृष्ठ नं. २९ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

## नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो। यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

## रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग्स नेपाल लिमिटेड, काठमाण्डौबाट मिति २०८०/०१/२१ मा क्रेडिट रेटिङ्ग गराई "[CARE-NP BB- (Is) [Double B Minus (Issuer)]" प्रमाणपत्र प्राप्त गरेकोमा मिति २०८२/०९/१५ मा उक्त रेटिङ्ग (Upgrade) भई "[CARE-NP BB (Is) [Double B (Issuer)]" प्राप्त भएको छ। "[CARE-NP BB (Is) [Double B (Issuer)]" ले Moderate risk of default regarding timely servicing of financial obligations in Nepal बुझाउँछ। यो २०८२/०९/१५ मा सोहि रेटिङ्ग एजेन्सीबाट (Upgrade) भएको हो र यसको बैधता २०८३/१०/०९ (जनवरी २३, २०२७) सम्म रहनेछ। केयर रेटिङ्ग्स नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा रेटिङ्ग "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले कमजोर आधारहरू जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ। सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२(ट) पृष्ठ नं. ६१ मा उल्लेख गरिएको छ।

**रेटिङ्ग प्रदान गरेको मिति :** डिसेम्बर ३०, २०२५ (मिति २०८२/०९/१५) **बहाल रहने अवधि :** जनवरी २३, २०२७ (मिति २०८३/१०/०९)

**विद्युत नियमन आयोगबाट स्वीकृति प्राप्त मिति : २०८०/११/१५, नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०८२/११/२६ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०८२/११/२६**

## धितोपत्र निष्काशन खुल्ला हुने मिति :

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि: | विदेशमा बसी रोजगार गरेका नेपालीहरुका लागि: |
|---|---|
| **निष्काशन खुल्ला हुने मिति : २०८२/१२/१०** | **निष्काशन खुल्ला हुने मिति : २०८२/१२/१०** |
| **निष्काशन बन्द हुने मिति (छिटोमा): २०८२/१२/२४ (बैकिङ्ग समय पश्चात्)** | **निष्काशन बन्द हुने मिति (छिटोमा): २०८२/१२/१५ (बैकिङ्ग समय पश्चात्)** |
| **निष्काशन बन्द हुने मिति (ढिलोमा): २०८३/०१/०९ (बैकिङ्ग समय पश्चात्)** | **निष्काशन बन्द हुने मिति (ढिलोमा): २०८२/१२/२४ (बैकिङ्ग समय पश्चात्)** |

**SanimaCapital**
(A wholly owned subsidiary of Sanima Bank Ltd.)

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**
केन्द्रीय कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ
फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimacapital.com, Website: www.sanima.capital

## ख. १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

(क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

(ख) **"धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (क) बमोजिमको कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल काठमाण्डौलाई सम्झनु पर्दछ ।

(ग) **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी कालंगा हाइड्रो लिमिटेडलाई सम्झनु पर्दछ ।

(घ) **"संस्थापक संगठित संस्था"** भन्नाले कालंगा हाइड्रो लिमिटेडमा संस्थापक शेयर धारण गर्ने कम्पनीहरु सम्झनु पर्दछ ।

(ङ) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्दछ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्रि वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँदछ ।

(च) **"संकलन केन्द्र"** भन्नाले निष्काशन तथा बिक्रि प्रबन्धक, निष्काशनकर्ता कम्पनी, धितोपत्र निष्काशनको क्रममा आवेदन फाराम वितरण गर्न तथा आवेदन बुझिलिन मञ्जुर गरी निष्काशन तथा विक्रि प्रबन्धकसँग सम्झौता गर्ने बैंक, वित्तीय संस्था, मर्चेन्ट बैकर वा आस्वा प्रणालीमा सहभागी बैंक तथा वित्तीय संस्थाहरु सम्झनु पर्दछ ।

(छ) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्रि प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

(ज) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

(झ) **"संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले कालंगा हाइड्रो लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन सम्झनु पर्दछ ।

(ञ) **"बोर्ड"** भन्नाले धितोपत्र सम्वन्धि ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(ट) **"आस्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

(ठ) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउँदछ ।

(ड) **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार संगठित संस्थाको शेयरको चुक्ता पुँजी तथा जगेडा कोषहरुको कूल जोडमा संचित नोक्सानीको कूल रकम र अपलेखन गर्न बाँकि स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकि रहन जाने खुद सम्पत्ति ( नेटवर्थ) रकम सम्झनु पर्छ ।

(ढ) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

(ण) **"साधारण लगानी फिर्ता हुने अवधि"** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजना बाट प्राप्त हुने बार्षिक औषत नगद प्रवाहले भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा व्यक्त गरिन्छ । यसले कति बर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँछ ।

(त) **"डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि"** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत बट्टादर द्वारा (Discount rate) वर्तमान मुल्यमा परिणत गरि आउने नगद प्रबाहबाट आयोजनामा भएको कुल लगानीलाई भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा व्यक्त गरिन्छ । यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति बर्षमा आयोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँछ ।

(थ) **"नगद प्रवाह"** भन्नाले आयोजना बाट प्राप्त हुने खुद नाफामा ह्रास कट्टि तथा अमोर्टाइजेसन जोडि कार्यशिल पूँजीमा भएको परिवर्तन (चालु पूँजी - चालु दायित्व) तथा पूँजीगत खर्चहरु घटाउँदा आउने परिणामलाई जनाउँदछ ।

(ध) "धितोपत्र प्रत्याभूतिकर्ता" भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त श्री हिमालयन क्यापिटल लिमिटेड लाई र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम विधिवत दर्ता भई नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त गरी हिमालयन सामुहिक लगानी कोष अन्तर्गत सञ्चालित श्री हिमालयन क्यापिटल लिमिटेड द्वारा व्यवस्थापन गरिएको "हिमालयन ८०-२०" योजनासम्झनु पर्दछ ।

(न) **"आयोजना प्रभावित क्षेत्र"** भन्नाले आयोजनाको निर्माणबाट अति प्रभावित तथा सामान्य प्रभावित क्षेत्रलाई जनाउँदछ ।

(य) **"वैदेशिक रोजगारीमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई जनाउँदछ ।

(र) **"विप्रेषण (रेमिट्यान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिट्यान्स्) बचत खातालाई सम्झनुपर्दछ ।

**ख. २. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :**

| क्र.सं | विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान : |
|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाण्डौ, website: www.sanima.capital र फोन नं.०१-४५४०५०८ |
| २. | कालंगा हाइड्रो लिमिटेडको कार्यालय, ल.म.न.पा.-३, धोबिघाट, ललितपुर, तथा आयोजनास्थल, website: www.kalangahydro.com.np र फोन नं. ०१-५५२९९२७ |
| ३. | श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर, website: www.sebon.gov.np र ०१-५५४१०५८ |

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फारम प्राप्त गर्ने र बुझाउने सम्बन्धी थप व्यवस्था :**

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम लिने व्यवस्था गरिएको छ :

| क्र.सं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने संकलन केन्द्रको नाम | ठेगाना |
|---|---|---|
| १. | कालंगा हाइड्रो लिमिटेड | सुनकुंडा, खिरातडी र बाँझ गाँउपालिका, बझाङ । (आयोजनास्थल कार्यालय) । |
| २. | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | केदारस्यू १, बझाङ्ग |
| ३. | ग्लोबल आईएमइ बैंक लिमिटेड | जयपृथ्वी नगरपालिका १०, बझाङ्ग, गोकुलेश्वर, शैल्यशिखर ९, दार्चुला । |
| ४. | कुमारी बैंक लिमिटेड | छबिसपाथिभरा गाउँपालिका, बझाङ्ग । डिलासिनी गाउँपालिका, बैतडि । |
| ५. | कृषि विकास बैंक लिमिटेड | बुंगल नगरपालिका ४, बझाङ्ग |
| ६. | सानिमा क्यापिटल लिमिटेड | सममार्ग, नक्साल, काठमाण्डौ । |

भविष्यमा आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई जानकारी गराएर अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ ।

**नोट : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा आस्बा मार्फत आवेदन फारम बुझाउने व्यवस्था नरहेको ।**

आयोजना अति प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्ला अन्तर्गतका केदारस्यूँ गा.पा.को वडा नं. ४ र ५ (साविकको बाँझ -०३ समेत), त्यस्तै बित्थडचिर गा.पा. वडा नं. ६ र ८ (साविकको सुनकुंडा गा.वि.स. वडा नं. ३ र ५ समेत), बुंगल न.पा.को वडा नं. ३, ४, ६, ८ र ५ (साविकको खिरातडी गा.वि.स. वडा नं. ९ समेत), वैतडी जिल्लाको डिलासैनी गा.पा को वडा नं. १ र २ तथा दार्चुला जिल्लाको शैल्यशिखर न.पा. को वडा नं. १ र आयोजना प्रभावित क्षेत्र बझाङ्ग जिल्ला अन्तर्गत सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्लाका केदारस्यूँ गाउँपालिका, वित्थडचिर गाउँपालिका र बुंगल नगरपालिकाका अतिप्रभावित क्षेत्रमा नपरेका सम्पूर्ण वडाहरु, बैतडी जिल्लाको डिलासैनी गाँउपालिकाको अति प्रभावित क्षेत्रमा नपरेका सम्पूर्ण वडाहरु, दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिकाको अतिप्रभावित क्षेत्रमा नपरेका सम्पूर्ण वडाहरुका स्थानिय बासिन्दाहरुले शेयर खरिद आवेदन फारम प्राप्त गर्नका लागि प्रति दरखास्त फारम वापत रु.२/- (दुई रुपैयाँ मात्र) शुल्क बुझाउनु पर्नेछ । साथै उक्त दरखास्त फारम कालंगा हाइड्रो लिमिटेडको वेबसाइट www.kalangahydro.com.np तथा सानिमा क्यापिटल लिमिटेडको वेबसाइट www.sanima.capital बाट समेत डाउनलोड गर्न सकिनेछ ।

**बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु तथा सर्वसाधारण लगानीकर्ताले आवेदन प्राप्त गर्ने र बुझाउने स्थान :**

| क्र.सं | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधार लगानीकर्ताहरुका लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंकतथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर “मेरो शेयर” अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

**ग. १. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्‌घोषण :**

सानिमा क्यापिटल लिमिटेडलाई कालंगा हाइड्रो लिमिटेड तथा कालंगा हाइड्रो लिमिटेडका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मदत पुग्ने कुरा प्रति विश्वस्त भई सानिमा क्यापिटल लिमिटेडले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग. २. संगठित संस्थाको उद्‌घोषण :

**ग. २. क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्‌घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्रि प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्‌घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग. २. ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्‌घोषण :**

यस कालंगा हाइड्रो लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक यस कम्पनीका बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता यस कम्पनीमा रहने छैन । साथै, त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नु पर्नेछ ।

ग. २. ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्‌घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरण आदि) को सार्वजनिक निष्काशनसँग सम्बन्धित कानुनी व्यवस्था तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्‌घोषण गर्दछौं । साथै यस कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०८१/०८२ सम्मको विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यस कम्पनी, कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको र सो अद्यावधिक रहेको व्यहोरा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०९/०९ गतेको पत्रबाट प्राप्त भएको छ । यस कम्पनीले विद्युत नियमन आयोगबाट मिति २०८०/११/१५ गते प्राथमिक शेयर निष्काशनको लागि आवश्यक स्वीकृती प्राप्त गरिसकेको छ । साथै, आन्तरिक राजस्व विभाग बाट मिति २०८२/०९/११ गते आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्र लिइ सो वर्ष सम्मको कर विवरण अद्यावधिक गरिएको छ ।

**ग. २. घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्‌घोषण :**

(१) यस कालंगा हाइड्रो लिमिटेडको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस कालंगा हाइड्रो लिमिटेडको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुखको रुपमा छैनन्।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कालंगा हाइड्रो लिमिटेडको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस कालंगा हाइड्रो लिमिटेडको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

**ग. ३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग. ३. क. संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संस्थाको नाम :** कालंगा हाइड्रो लिमिटेड (Kalanga Hydro Limited)।

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/०९/०५ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता नं.४९९६६/६४/०६५ बाट दर्ता भई मिति २०७८/०३/३० गतेको निर्णय अनुसार प्राइभेट लिमिटेड कम्पनीबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कारोबार संचालन गरी रहेको छ ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ३, धोबिघाटमा रहेको छ । आवश्यकता अनुसार सम्बन्धित कार्यालयको स्वीकृति लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा समेत शाखा कार्यालय खोल्न सकिनेछ ।

**(घ) कारोबार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ३, धोबिघाट, ललितपुर र बझाङ जिल्ला सुनकुँडा, खिरातडी र बाँफ गाँउपालिकामा कालंगा हाइड्रो लिमिटेडको आयोजनास्थल रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

**यस कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

(१) यस कम्पनी कालंगागाड जलविद्युत आयोजना (१५.३३ मे.वा.) निर्माण तथा सञ्चालन गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/०९/०५ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता नं.४९९६६/६४/०६५ बाट दर्ता भई मिति २०७८/०३/३० गतेको निर्णय अनुसार प्राइभेट लिमिटेड कम्पनीबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कारोबार संचालन गरी रहेको छ ।

(२) यस कालंगा गाड जलविद्युत आयोजना (१५.३३ मे.वा.) बाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप कालंगागाड जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०७२/१२/१४ गतेका दिन अनुमति प्राप्त गरेको हो र उक्त अनुमति पत्र मिति २१०७/१२/१३ गतेसम्म बहाल रहनेछ र उक्त मिति पश्चात यस आयोजना नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ ।

(३) यस कम्पनीले बझाङ जिल्ला, सुनकुँडा, खिरातडी र बांफ गाउँपालिका भई बग्ने कालंगागाड खोलाको पानीको बहाव सदुपयोग हुने गरी १५.३३ मे.वा. कालंगा गाड जलविद्युत आयोजना निर्माण सम्पन्न गरि मिति २०७९/१०/२७ गतेदेखि विद्युत उत्पादन शुरु गरेको र मिति २०७६/०६/०९ गते सम्पन्न विद्युत प्रसारणको अनुमतिपत्रको अवधि २०७६/०६/०९ देखि २१०१/०६/०८ सम्म रहेको छ, सो बमोजिम उत्पादित विद्युत वित्थडचिर गाँउपालिका वडा नं ८ मा रहेको स्वीचयार्ड देखी करिब ३३.३ कि.मि. (३.८ कि.मि. डबल सर्किट र २९.५ कि.मि. सिंगल सर्किट) १३२ के.भि प्रसारण लाईनमार्फत दार्चुला जिल्ला, शैल्यशिखर नगरपालिका वडा नं. १ स्थित नेपाल विद्युत प्राधिकरणको चमेलिया जलविद्युत केन्द्रको बलाँच सबस्टेसन हुँदै केन्द्रिय प्रशारण प्रणालीमा समाहित गरिएको छ ।

**आयोजनाको प्रसारण लाइन सम्बन्धि विवरण**

नेपाल सरकार उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागबाट कालंगागाड जलविद्युत आयोजना १३२ के.भी. विद्युत प्रसारण लाईनको अनुमतिपत्र (वि.वि.वि.०७६/७७, वि.प्र. १२०) मिति २०७६/०६/०९ मा प्रदान गरिएको छ र सो अनुमतिपत्र बहाल रहने मिति २०७६/०६/०९ देखि मिति २१०१/०६/०८ सम्म रहने छ । यस आयोजनाबाट उत्पादन हुने विद्युतशक्ति ३३.३ कि.मि. (३.८ कि.मि. डबल सर्किट र २९.५ कि.मि. सिंगल सर्किट) १३२ के.भि प्रसारण लाईन मार्फत दार्चुला जिल्ला, शैल्यशिखर नगरपालिका वडा नं. १ स्थित नेपाल विद्युत प्राधिकरणको चमेलिया जलविद्युत केन्द्रको बलाँच सबस्टेसन हुँदै केन्द्रिय प्रशारण प्रणालीमा समाहित गरिएको छ । आयोजना भएको क्षेत्रको कुनै पनि भू-भाग संरक्षण क्षेत्र वा राष्ट्रिय निकुञ्जमा नपरेको हुदा सो सम्वन्धि आवश्यक स्वीकृति लिनु नपर्ने र आवश्यक पर्ने IEE सम्पन्न गरी स्वीकृति लिइसकेको छ ।

| | |
|---|---|
| आयोजनाको नाम | कालंगागाड जलविद्युत आयोजना । |
| आयोजना स्थल | बझाङ जिल्ला सुनकुँडा, खिरातडी र बाँफ गाँउपालिका |
| पोलको संख्या | १०९ |
| दुरी | ३३.३ कि.मि. |
| के.भि सर्किट | १३२ के.भि. |
| सव-स्टेसन | बलाँच सबस्टेसन |
| सव-स्टेसन स्थल | दार्चुला जिल्ला, शैल्यशिखर नगरपालिका वडा नं. १ स्थित नेपाल विद्युत प्राधिकरणको चमेलिया जलविद्युत केन्द्र |

कम्पनीले प्राप्त गरेको स्वीकृत/अनुमति/इजाजत/सम्झौता सम्वन्धी विवरण तालिका

| क.सं | स्वीकृति/अनुमति/इजाजत/ सम्झौता | ीनकाय | विवरण |
|---|---|---|---|
| १. | कम्पनी दर्ता | कम्पनी रजिष्ट्रारको कार्यालय | २०६४/०९/०५ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता नं.४९९६६/६४/०६५ बाट दर्ता भई मिति २०७८/०३/३० गतेको निर्णय अनुसार प्राइभेट लिमिटेड कम्पनीबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत। |
| २. | जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन अनुमति | नेपाल सरकार, उर्जा मन्त्रालय | मिति २०७२/१२/१४ गतेका दिन अनुमति प्राप्त गरेको र उक्त अनुमति पत्र मिति २१०७/१२/१३ गतेसम्म बहाल रहने। |
| ३. | विद्युत खरिद बिक्री सम्झौता | नेपाल विद्युत प्राधिकरण | २०७२/०३/१५ मा सम्झौता गरिएको। |
| ४. | विद्युत प्रसारणको अनुमति | नेपाल सरकार उर्जा मन्त्रालय | मिति २०७६/०६/०९ गते सम्पन्न विद्युत प्रसारणको अनुमतिपत्रको अवधि २०७६/०६/०९ देखि २१०१/०६/०८ सम्म रहेका □ |
| ५. | व्यवसायिक उत्पादन शुरु गरी विद्युत उत्पादन तथा विक्री | नेपाल विद्युत प्राधिकरण | २०७९/१०/२७ देखि व्यवसायिक उत्पादन स्वीकृति लिई विद्युत उत्पादन तथा विक्री गर्दै आएको □ |
| ६. | प्राथमिक शेयरको सार्वजनिक निष्काशनको सहमति | विद्युत नियमन आयोग | मिती २०८०/११/१५ मा सहमति प्रदान गरिएको। |

**प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लेख भएका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :**

क) आयोजना निर्माण एवं सञ्चालनको समयमा प्रतिवेदनमा पहिचान भएका प्रभावहरुका अलावा प्रतिवेदनमा हाल पहिचान वा आंकलन नभएका प्रभावहरु देखिएमा, अनुकूल प्रभावलाई अधिकतम गर्ने र प्रतिकूल प्रभावलाई न्यून गर्ने कार्यहरु प्रस्तावकले आफ्नै खर्चमा कार्यन्वयन गर्ने ।

ख) स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारको वातावरणीय अनुगमन योजनालाई आधार बनाई प्रस्तावकले, निर्माण कार्यको मध्यमा "मध्यावधी" र निर्माण कार्य सम्पन्न भएपछि "अन्तिम" आन्तरिक वातावरणीय अनुगमन प्रतिवेदन मन्त्रालयमा पेश गर्ने ।

ग) प्रतिवेदनमा आयोजनाको विस्तृत डिजाईनमा समावेश गर्नु पर्ने गरी प्रस्ताव गरिएका निराकरणका उपायहरु विस्तृत डिजाईनमा अनिवार्य रुपमा समावेश गर्ने । साथै निर्माणको चरणमा ठेकेदारले पालना गर्ने गरी प्रस्ताव भएका तथा ठेकेदारको दायित्वभित्र पर्ने प्रभाव निराकरण लगायतका सम्पूर्ण दायित्वहरु ठेकेदारसंग गरिने सम्झौतामा अनिवार्य रुपमा समावेश गर्ने र तिनको पालना सुनिश्चित गर्ने । यसका लागि विभिन्न चरणमा गरिने सम्पूर्ण व्यवस्थाको लिखित जानकारी यस मन्त्रालय तथा विद्युत विकास विभागमा गराउने ।

घ. वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने कार्यविधि, २०६३ र शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना, २०६९ अनुसार आयोजना निर्माण गर्दा हटाईने १० से.मि. DBH भन्दा ठूला रुखका संख्याको २ गुणा विरुवा रोपण गरी हुर्काउने र भौतिक संरचनहरुले ओगट्ने क्षेत्रफल बराबरको वन क्षेत्रको जग्गामा वृक्षारोपण गरी हुर्काउने र स्याहार सम्भार गर्ने विषयमा सम्बन्धित सामुदायिक वन तथा जिल्ला वन कार्यालयसंग सहमति र समन्वयका आधारमा कार्य गर्ने गराउने व्यवस्था गर्ने ।

ङ) आयोजना निर्माणको चरणमा कृषि योग्य जमीनहरुको स्थायी वा अस्थायी उपयोग गर्दा Topsoil Loss को प्रभाव कम गर्न त्यस्ता जमीनहरु आयोजनाको लागि प्रयोगमा ल्याउनु अघि ति बाट Top soil सङ्कलन गरी सुरक्षित स्थानमा राख्नु पर्ने । निर्माण कार्य सम्पन्न भए पश्चात् फिर्ता गर्नु पर्ने अस्थायी उपयोगका जमिनमा Top soil पुनर्स्थापना गरी सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्ने ।

च) प्रतिवेदनमा उल्लेख भए अनुसार आयोजनाले छाड्नु पर्ने Environmental Flow सुनिश्चित गर्न हेडवर्क्समा आवश्यक संरचना निर्माण गर्ने । खोलामा माछाको आवत जावत सुनिश्चित गर्न प्रतिवेदनमा उल्लेख भए अनुसारको संरचना निर्माण गर्ने ।

छ) आयोजनाको Dewatered zoneमा विद्यमान सिंचाइ प्रणालीको संरचना तथा पानी घट्टहरुमा आयोजनाको निर्माण कार्यबाट असर पर्ने भए सो को लागि आवश्यक निर्माण वा संभारको कार्य गर्ने तथा आवश्यक मात्रामा पानी छोडनु पर्नेछ ।

ज) प्रस्तावित Muck disposal site हरुको व्यवस्थापन गर्दा Spoil Volume/weight, topography, slope stability, depth of overburden, तथा likelihood slides/slope instabilities आदिका बारे मा ध्यान दिने र Muck लाई जलप्रवाहमा मिसिन नदिन आवश्यक उपायहरु अपनाउने ।

झ) स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लिखित आयोजनाको संरचना तथा कृयाकलापहरुको स्थल, डिजाइन, आकार वा प्रकारमा परिवर्तन गर्नु परे सोको जानकारी वन मन्त्रालयमा गराई थप अध्ययन गर्न आवश्यक विषयहरुका बारेमा अनुमति लिनु पर्ने ।

**(४) यस आयोजनाको प्रमुख विशेषता तथा वित्तिय परिसूचकहरु निम्नानुसार रहेको छ :**

**प्रमुख विशेषता**

| | |
|---|---|
| आयोजनाको नाम | कालंगागाड जलविद्युत आयोजना |
| आयोजनाको स्थल | बझाङ जिल्ला सुनकुँडा, खिरातडी र बाँफ्ना गाँउपालिका |
| स्रोत नदीको नाम | कालंगागाड नदी |
| ग्रस हेड | १३६.५० मि. |
| जलाधार क्षेत्र | ४४६.७१ $km^2$ |
| औषत जल प्रवाह | २०.७० $m^3/s$ |
| बाँधको लम्बाई तथा उचाई | ४२ मि.लम्बाई र ४ मिटर उचाई |
| विद्युत गृह | सतहगत विद्युत गृह |
| टर्वाइन प्रकार, संख्या | भर्टिकल एक्सिस् फ्रान्सिस, दुई |
| आयोजनाको किसिम | रन अफ दि रिभर |
| औषत बार्षिक ऊर्जा | ९७.९६३ GWh |
| प्रशारण लाइन | १३२ के.भि. |
| व्यावसायिक उत्पादन शुरु मिति | २०७९/१०/२७ |
| विद्युत उत्पादन अनुमति प्राप्त मिति | २०७२/१२/१४ |
| विद्युत उत्पादन अनुमति वहाल रहने मिति | २१०७/१२/१३ सम्म (२५ वर्ष ३ महिना) |
| जडित क्षमता | १५.३३ मे.वा. |
| जम्मा लागत (निर्माण अवधिको ब्याज सहित) | रु.४,३३,९३,४२,३१०/०३ |
| डिस्काउन्ट दर Discount Rate | ८.००% |
| वित्तीय विश्लेषण Financial Analysis period | २८ वर्ष |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Project) | ९.२९ वर्ष |
| आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Project) | १८.०१ वर्ष |
| आयोजनाको प्रति मे.वा. लागत रकम निर्धारण अवधिको ब्याज सहित | रु. २८,३०,६२,१२०।६८ |

**वित्तिय परिसूचक**

| | |
|---|---|
| Net Present Value (NPV) | रु.७०,१५,९७,१७१ |
| Internal Rate of Return (IRR) | ९.७८% |
| अपेक्षित प्रतिफल (Equity-IRR) | ११.२१% |
| Debt Equity Ratio (Before IPO) | ८०:२० |
| Debt Equity Ratio (After IPO) | ६६:३४ |

**Net Present Value (NPV), Internal Rate of Return (IRR) तथा लगानी फिर्ता हुने अवधि गणना विधि तथा तरिका :**

1. NPV = Net Cash In Flowt1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 + … Net Cash In Flowtn / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0

where,
r = Discount rate,
t = Number of time periods

2. **IRR=** $\mathbf{\dfrac{\underline{Ct\text{-}C0}}{(1+r)^t}}$

$$t=1\sum T(1+IRR)tCt-C0$$

where,
Ct = Net cash inflow during the period t
C0= Total initial investment costs
r = Discount rate
t = Number of time periods

### वित्तीय विश्लेषणको तालिका

**(रु. हजारमा)**

| वर्ष | आय | सञ्चालन तथा मर्मत खर्च | हर्जाना | रोयल्टी | शुल्क | ब्याज | ह्रास तथा परिशोधन | कर तथा बोनश अधिको नाफा | बोनश | कर | खुद नाफा | नगद |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ० | | | | | | | | | | | | (४,३३९,३४२) |
| २०७९/८० | २०५,५१८ | ७,९७४ | ३२,५१६ | ४,१६७ | – | १८०,८१६ | ६८,६०३ | (८८,५५७) | – | – | (८८,५५७) | १६०,८६२ |
| २०८०/८१ | ४८१,००२ | ४९,४०७ | | ११,०३४ | ३,४७३ | ३९९,२८५ | १५८,३५२ | (१४०,५४९) | – | – | (१४०,५४९) | ४१७,०८८ |
| २०८१/८२ | ५०७,७१९ | ३८,००० | | ११,९२९ | ५,६८६ | ३०६,७७६ | १५८,८११ | (१३,४८३) | – | – | (१३,४८३) | ४५२,१०४ |
| २०८२/८३ | ५६१,५२१ | ४२,१४६ | | १३,२५३ | १२,१५९ | २३६,३५९ | १६०,८४३ | ९६,७६१ | १,९३५ | – | ९४,८२६ | ४९२,०२८ |
| २०८३/८४ | ५८७,१४१ | ४२,५६७ | | ११,७४३ | ४,१७१ | २१०,४१९ | १५८,८०२ | १५९,४३९ | ३,१८९ | – | १५६,२५० | ५२५,४७१ |
| २०८४/८५ | ५९७,७३४ | ४२,९९३ | | ११,९५५ | ४,०१० | २०३,४८५ | १५७,८६२ | १७७,४२९ | ३,५४९ | – | १७३,८८१ | ५३५,२२८ |
| २०८५/८६ | ५९७,७३४ | ४३,४२३ | | ११,९५५ | ३,७९६ | १९४,१७६ | १५७,८६२ | १८६,५२२ | ३,७३० | – | १८२,७९२ | ५३४,८३० |
| २०८६/८७ | ५९७,७३४ | ४३,८५७ | | ११,९५५ | ३,५२२ | १८२,११९ | १५७,७९५ | १९८,४८५ | ३,९७० | – | १९४,५१५ | ५३४,४३० |
| २०८७/८८ | ५९७,७३४ | ४४,२९६ | | ११,९५५ | ३,२११ | १६७,७३८ | १५७,७३७ | २१२,७९७ | ४,२५६ | – | २०८,५४१ | ५३४,०१६ |
| २०८८/८९ | ५९७,७३४ | ४४,७३९ | | ११,९५५ | २,८५२ | १५०,९५७ | १५७,२९३ | २२९,९३९ | ४,५९९ | – | २२५,३४० | ५३३,५९० |
| २०८९/९० | ५९७,७३४ | ४५,१८६ | | ११,९५५ | २,४५५ | १३२,४३२ | १५७,२९३ | २४८,४१३ | ४,९६८ | २४,८४१ | २१८,६०४ | ५०८,३२८ |
| २०९०/९१ | ५९७,७३४ | ४५,६३८ | | ११,९५५ | २,०१४ | १११,७५१ | १५७,२९३ | २६९,०८४ | ५,३८२ | २६,९०८ | २३६,७९४ | ५०५,८३७ |
| २०९१/९२ | ५९७,७३४ | ४६,०९४ | | ११,९५५ | १,५३८ | ८९,०५४ | १५७,२९३ | २९१,८०० | ५,८३६ | २९,१८० | २५६,७८४ | ५०३,१३१ |
| २०९२/९३ | ५९७,७३४ | ४६,५५५ | | ११,९५५ | १,०३६ | ६४,९३२ | १५७,२९३ | ३१५,९६३ | ६,३१९ | ३१,५९६ | २७८,०४७ | ५००,२७२ |
| २०९३/९४ | ५९७,७३४ | ४७,०२१ | | ११,९५५ | ४५४ | ३७,९०४ | १५७,२९३ | ३४३,१०८ | ६,८६२ | ३३,८३४ | ३०२,४१२ | ४९७,६०८ |
| २०९४/९५ | ५९७,७३४ | ४७,४९१ | | ११,९५५ | १२० | ११,७१४ | १५७,२९३ | ३६९,१६२ | ७,३८३ | ७३,८३२ | २८७,९४६ | ४५६,९५२ |
| २०९५/९६ | ५९७,७३४ | ४७,९६६ | | ११,९५५ | ६० | १,८५० | १५७,२९३ | ३७८,६१० | ७,५७२ | ७५,७२२ | २९५,३१६ | ४५४,४५९ |
| २०९६/९७ | ५९७,७३४ | ४८,४४५ | | ११,९५५ | ६० | १,८५० | १५७,२९३ | ३७८,१३१ | ७,५६३ | ७५,६२६ | २९४,९४२ | ४५४,०८५ |
| २०९७/९८ | ५९७,७३४ | ४८,९३० | | ११,९५५ | – | – | १५७,२९३ | ३७९,५५६ | ७,५९१ | ७५,९११ | २९६,०५४ | ४५३,३४७ |
| २०९८/९९ | ५९७,७३४ | ४९,४१९ | | ११,९५५ | – | – | १५७,२९३ | ३७९,०६७ | ७,५८१ | ७४,८६१ | २९६,६२५ | ४५३,९१८ |
| २०९९/२१०० | ५९७,७३४ | ४९,९१३ | | ११,९५५ | – | – | १५७,२९३ | ३७८,५७३ | ७,५७१ | ७५,७१५ | २९५,२८७ | ४५२,५७९ |
| २१००/२१०१ | ५९७,७३४ | ५०,४१३ | | ११,९५५ | – | – | १५७,२९३ | ३७८,०७४ | ७,५६१ | ७५,६१५ | २९४,८९८ | ४५२,१९० |
| २१०१/०२ | ५९७,७३४ | ५०,९१७ | | ११,९५५ | – | – | १५७,२९३ | ३७७,५७० | ७,५५१ | ७५,५१४ | २९४,५०४ | ४५१,७९७ |
| २१०२/०३ | ५९७,७३४ | ५१,४२६ | | ११,९५५ | – | – | १५७,२९३ | ३७७,०६० | ७,५४१ | ७५,४१२ | २९४,१०७ | ४५१,४०० |
| २१०३/०४ | ५९७,७३४ | ५१,९४० | | ११,९५५ | – | – | १५७,२९३ | ३७६,५४६ | ७,५३१ | ७४,३५६ | २९४,६५९ | ४५१,९५१ |
| २१०४/०५ | ५९७,७३४ | ५२,४५९ | | ११,९५५ | – | – | १५७,२९३ | ३७६,०२७ | ७,५२१ | ७५,२०५ | २९३,३०१ | ४५०,५९४ |
| २१०५/०६ | ५९७,७३४ | ५२,९८४ | | ११,९५५ | – | – | १५७,२९३ | ३७५,५०२ | ७,५१० | ७५,१०० | २९२,८९२ | ४५०,१८४ |
| २१०६/०७ | ५९७,७३४ | ५३,५१४ | | ११,९५५ | – | – | १५७,२९३ | ३७४,९७२ | ७,४९९ | ७४,९९४ | २९२,४७८ | ४४९,७७१ |
| २१०७/०८ | ४१८,७४३ | ५४,०४९ | | ८,३७५ | – | – | २६८,०६७ | ८८,२५२ | १,७६५ | १७,६५० | ६८,८३७ | ३३६,९०३ |

| | |
|---|---|
| Net Present Value (NPV) NPR | ७०१,५९७,१७०.६७ |
| Internal Rate of Return (IRR) | ९.७८% |
| B/C Ratio / Profitability Index | १.०१ |

## लागत भुक्तानी अवधिको गणनाको तालिका

(रु.हजारमा)

| वर्ष | नगद प्रवाह | संचयी नगद प्रवाह | छुट गरिएको नगद प्रवाह | छुट गरिएका संचयी नगद प्रवाह |
|---|---|---|---|---|
| ० | (४,३३९,३४२) | (४,३३९,३४२) | (४,३३९,३४२) | (४,३३९,३४२) |
| २०७९/८० | १६०,८६२ | (४,१७८,४८१) | १४८,९४६ | (४,१९०,३९६) |
| २०८०/८१ | ४१७,०८८ | (३,७६१,३९३) | ३५७,५८६ | (३,८३२,८११) |
| २०८१/८२ | ४५२,१०४ | (३,३०९,२८८) | ३५८,८९५ | (३,४७३,९१६) |
| २०८२/८३ | ४९२,०२८ | (२,८१७,२६१) | ३६१,६५५ | (३,११२,२६१) |
| २०८३/८४ | ५२५,४७१ | (२,२९१,७९०) | ३५७,६२७ | (२,७५४,६३४) |
| २०८४/८५ | ५३५,२२८ | (१,७५६,५६२) | ३३७,२८४ | (२,४१७,३५०) |
| २०८५/८६ | ५३४,८३० | (१,२२१,७३२) | ३१२,०६८ | (२,१०५,२८२) |
| २०८६/८७ | ५३४,४३० | (६८७,३०३) | २८८,७३६ | (१,८१६,५४६) |
| २०८७/८८ | ५३४,०१६ | (१५३,२८६) | २६७,१४१ | (१,५४९,४०५) |
| २०८८/८९ | ५३३,५९० | ३८०,३०३ | २४७,१५५ | (१,३०२,२५०) |
| २०८९/९० | ५०८,३२८ | ८८८,६३२ | २१८,०१३ | (१,०८४,२३६) |
| २०९०/९१ | ५०५,८३७ | १,३९४,४६९ | २००,८७५ | (८८३,३६१) |
| २०९१/९२ | ५०३,१३१ | १,८९७,६०० | १८५,००० | (६९८,३६१) |
| २०९२/९३ | ५००,२७२ | २,३९७,८७१ | १७०,३२३ | (५२८,०३८) |
| २०९३/९४ | ४९७,६०८ | २,८९५,४७९ | १५६,८६७ | (३७१,१७१) |
| २०९४/९५ | ४५६,९५२ | ३,३५२,४३२ | १३३,३८० | (२३७,७९१) |
| २०९५/९६ | ४५४,४५९ | ३,८०६,८९१ | १२२,८२६ | (११४,९६५) |
| २०९६/९७ | ४५४,०८५ | ४,२६०,९७५ | ११३,६३४ | (१,३३१) |
| २०९७/९८ | ४५३,३४७ | ४,७१४,३२२ | १०५,०४६ | १०३,७१५ |
| २०९८/९९ | ४५३,९१८ | ५,१६८,२४० | ९७,३८७ | २०१,१०२ |
| २०९९/२१०० | ४५२,५७९ | ५,६२०,८१९ | ८९,९०८ | २९१,०१० |
| २१००/२१०१ | ४५२,१९० | ६,०७३,००९ | ८३,१७६ | ३७४,१८६ |
| २१०१/०२ | ४५१,७९७ | ६,५२४,८०६ | ७६,९४८ | ४५१,१३४ |
| २१०२/०३ | ४५१,४०० | ६,९७६,२०६ | ७१,१८५ | ५२२,३१९ |
| २१०३/०४ | ४५१,९५१ | ७,४२८,१५७ | ६५,९९३ | ५८८,३१२ |
| २१०४/०५ | ४५०,५९४ | ७,८७८,७५१ | ६०,९२१ | ६४९,२३३ |
| २१०५/०६ | ४५०,१८४ | ८,३२८,९३५ | ५६,३५७ | ७०५,५९० |
| २१०६/०७ | ४४९,७७१ | ८,७७८,७०६ | ५२,१३५ | ७५७,७२५ |
| २१०७/०८ | ३३६,९०३ | ९,११५,६१० | ३३६,९०३ | १,०९४,६२८ |

| | |
|---|---|
| **Payback Period** | ९.२९ वर्ष |
| Initial Investment (NPR) | ४,३३९,३४२,३१० |
| Annualized Cash Flow (NPR) | १६५,९८६,५१७ |
| **Discounted Payback Period** | १८.०१ वर्ष |

आयोजनाले २०७९/१०/२७ व्यवसायिक उत्पादन शुरु गरी विद्युत उत्पादन तथा विक्री गर्दै आएको रकम सम्बन्धी विवरण निम्न बमोजिम रहेको छ।

| महिना | करार उर्जा | वास्तविक उत्पादित उर्जा | रकम | % |
|---|---|---|---|---|
| **आ.व. २०७९/८०** | | | | |
| माघ २०७९ | ५११,८१९ | ४३५,७६६.०३ | ३,६६०,४३४.६५ | ८५.१४% |
| फागुन २०७९ | ५,१४६,९४५ | ४,३००,३१५.४५ | ३६,१२२,६४९.७८ | ८३.५५% |
| चैत्र २०७९ | ५,३३४,६६७ | ४,४५५,९४७.१६ | ३७,४२८,८७६.१५ | ८३.५३% |
| बैशाख २०८० | ६,९११,११६ | ५,२२७,०८५.३३ | २५,०९०,००९.५८ | ७५.६३% |
| जेष्ठ २०८० | ८,९१४,६०५ | ५,९६५,३६५.३३ | २८,६३३,७५३.५८ | ६६.९२% |
| आषाढ २०८० | १०,८३९,८०६ | १०,०९९,५०४.९२ | ४६,८२७,९६१.९२ | ९३.१७% |
| | **३७,६५८,९५८** | **३०,४८३,९८४.२२** | **१७७,७६३,६८५.६७** | **८०.९५%** |
| **आ.व. २०८०/८१** | | | | |
| श्रावण २०८० | ११,१८९,४७७ | ११,१८५,२६६.०० | ५३,६८९,२७६.८० | ९९.९६% |
| भाद्र २०८० | ११,१०८,८१८ | १०,८३९,८०६.०० | ५२,०३१,०६८.८० | ९७.५८% |
| आश्विन २०८० | १०,४९०,१३५ | ९,८६९,९९७.०० | ४७,३७५,९८५.६० | ९४.०९% |
| कार्तिक २०८० | १०,४९०,१३५ | ९,९९४,०६१.०० | ४७,९७१,४९२.८० | ९५.२७% |
| मंसर २०८० | ७,१९०,३४३ | ६,९६१,४५०.०० | ३३,४१४,९६०.०० | ९६.८२% |
| पौष २०८० | ५,६४२,२५२ | ५,२८३,१५०.९८ | ४४,३७८,४६८.२३ | ९३.६४% |
| माघ २०८० | ४,९४७,५८४ | ४,३८९,३५१.०० | ३६,८७०,५४८.४० | ८८.७२% |
| फागुन २०८० | ५,१४६,९४५ | ४,०७२,५८०.१२ | ३५,२२७,८१८.०४ | ७९.१३% |
| चैत्र २०८० | ५,३३४,६६७ | ३,९४३,१५४.०७ | ३४,१०८,२८२.६६ | ७३.९२% |
| बैशाख २०८१ | ६,९११,११६ | ४,५७०,५२०.४१ | २२,५७८,३७०.८३ | ६६.१३% |
| जेष्ठ २०८१ | ८,९१४,६०५ | ५,१३१,३४०.४३ | २५,३४८,८२१.७२ | ५७.५६% |
| आषाढ २०८१ | १०,८३९,८०६ | ८,६०२,९७२.५८ | ४२,४९८,६८४.५६ | ७९.३६% |
| | **९८,२०५,८८३** | **८४,८४३,६५०** | **४७५,४९३,७७८** | **८६.३९%** |
| **आ.व. २०८१/८२** | | | | |
| श्रावण २०८१ | ११,१८९,४७७ | ११,०३७,१५६.२५ | ५४,५२३,५५१.९० | ९८.६४% |
| भाद्र २०८१ | १०,८३९,८०६ | ९,९७८,४७३.४३ | ४९,२९३,६५८.७२ | ९२.०५% |
| आश्विन २०८१ | १०,४९०,१३५ | ९,०८९,९३४.७६ | ४४,९०४,२७७.७१ | ८६.६५% |
| कार्तिक २०८१ | १०,४९०,१३५ | ९,६२१,२८८.५२ | ४७,५२९,१६५.२९ | ९१.७२% |
| मंसर २०८१ | ७,१९०,३४३ | ७,३९४,६९३.५४ | ३५,५२०,२९४.९३ | १०२.८४% |
| पौष २०८१ | ५,६४२,२५२ | ५,५१९,६७३.४१ | ४७,७४५,१७५.०० | ९७.८३% |
| माघ २०८१ | ५,११८,१९० | ४,५००,७१२.९३ | ३८,९३१,१६६.८४ | ८७.९४% |
| फागुन २०८१ | ४,९७५,२८० | ४,०७६,०५०.९१ | ३६,२७६,८५३.१० | ८१.९३% |
| चैत्र २०८१ | ५,५१२,४८९ | ४,७००,०२३.४८ | ४१,८३०,२०८.९७ | ८५.२६% |
| बैशाख २०८२ | ६,९११,११६ | ५,१७०,६८०.३३ | २६,३१८,७६२.८८ | ७४.८२% |
| जेष्ठ २०८२ | ८,६३६,०२३ | ५,८८३,७२३.१० | २९,९४८,१५०.५८ | ६८.१३% |
| आषाढ २०८२ | ११,१८९,४७७ | १०,७८५,४३०.७२ | ५४,८९७,८४२.३६ | ९६.३९% |
| | **९८,१८४,७२४** | **८७,७५७,८४१** | **५०७,७१९,१०८** | **८९.३८%** |
| **आ.व. २०८२/८३** | | | | |
| श्रावण २०८२ | १०,८३९,८०६ | १०,२८९,०८०.९९ | ५२,३७१,४२२.२४ | ९४.९२% |
| भाद्र २०८२ | १०,८३९,८०६ | १०,८२९,७७४.८७ | ५५,१२३,५५४.०९ | ९९.९१% |
| आश्विन २०८२ | १०,८३९,८०६ | १०,२३७,१११.४६ | ५२,१०६,८९७.३३ | ९४.४४% |
| कार्तिक २०८२ | १०,४९०,१३५ | ९,२३०,५८६.२८ | ४६,९८३,६८४.१७ | ८७.९९% |
| मंसिर २०८२ | ७,१९०,३४३ | ६,९५०,६६५.०० | ३५,३७८,८८४.८५ | ९६.६७% |
| पौष २०८२ | ५,८३६,८१२ | ५,६१०,१९१.४१ | ४९,९३०,७०३.५५ | ९६.१२% |
| | **५६,०३६,७०८** | **५३,१४७,४१०** | **२९१८९५१४६.२२** | **९४.८४%** |

**<u>संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्रि सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् ।</u>**

१. विद्युत खरिद-बिक्री सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि लागू हुनेछ र आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) ले ३० (तीस वर्ष) वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधी मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ ।

२. कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा "Take or Pay" प्रावधानमा आधारित भई गरिएको छ ।

३. विद्युत खरिद मूल्यदर :

प्राधिकरणले हरेक महिनामा कम्पनीले उत्पादन गरी उपलब्ध गराएको विद्युत उर्जाको मूल्य बापत प्रति किलोवाट घण्टाको निम्न महशुलका दरले हुन आउने रकम कम्पनीलाई बुझाउने छ । वर्षायामको (बैशाख देखि मंसिर सम्म) प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैँया असी पैसा मात्र) र सुख्खा यामको (पौष, माघ, फाल्गुन र चैत्र महिनामा) प्रति कि.वा.घण्टा रु.८।४० (आठ रुपैँया चालीस पैसा मात्र) विद्युत खरिद मूल्य कायम गरिएको छ । व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक बर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुनेगरि प्रत्येक वर्षको लागि ३ प्रतिशतका दरले ५ वर्षको लागि मूल्य वृद्धि दिइने र सो अवधि पछि मूल्य वृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिने छ ।

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि) | सुख्खायाम (पौषदेखि चैत्र सम्म रु.प्रति युनिट) | वर्षायाम (बैशाखदेखि मार्ग सम्म रु.प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औ महिना देखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औ महिना देखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औ महिना देखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औ महिना देखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औ महिना देखि सम्झौता अवधिसम्म | ९।६६ | ५।५२ |

माथि जेसुकै लेखिएको भएता पनि व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरीद दर निम्नानुसार वार्षिक मूल्य वृद्धि दिई कायम गरिने छ ।

क. RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
ख. RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
ग. RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा २ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
घ. RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा १ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
ङ. RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा मूल्यबृद्धि दिईनेछ ।

४. प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सो को हकमा विद्युत खरिद बिक्रि सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

५. मासिक विलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक विलिङ्गमा समायोजन गरिनेछ ।

६. व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रबाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ । यसरी विद्युत लिए बापत दफा १२.१ र १२.२ मा तोकिएको मूल्यमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ ।

**आयोजनाहरुबाट बर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरण :**

| विवरण | कालंगागाड जलविद्युत आयोजना |
|---|---|
| सुख्खायामको कूल इनर्जी (kWh) | २,१२,६६,००७ |
| वर्षायामको कूल इनर्जी (kWh) | ७,६६,९६,८३६ |
| **जम्मा वार्षिक (kWh)** | **९७,९६२,८४३** |

७. **विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित हर्जाना सम्बन्धी व्यवस्था तथा अन्य मूख्य बुँदा :**

कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निधर्धारित डीलभरी प्वाइण्टसम्म पुर्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनु पर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति ( Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ । साथै प्राधिकरणले पनि कम्पनीबाट आपुर्ति हुने बिद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनुपर्ने कार्यहरु सोहि समय भित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिई सकेपछि साइटको सयुक्त नापजाँचबाट उपकरणहरुको प्राविधिक सिमाभित्र रही गरिएका :

क) आयोजनाले सम्पन्न गरेको Dry Tests का नतिजाहरुको अध्ययन तथा प्रमाणीकरण

ख) Black Start परीक्षण तथा

ग) उपलब्ध लोडसम्मको प्राविधिक तवरले सम्भव हुने अवधीसम्मको Off Grid Mode Operation Test बाट व्यहोरा ठिक ठहरिएमा काबू बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शरु हन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ ।

**यसरी कम्पनी प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछ :**

| यस अवधिको नाफा | – | – | – | – | – | ५९,४४३ | **५९,४४३** |
| थप | – | – | – | – | – | – | – |
| शेयर निष्काशन खर्च | – | – | – | – | – | – | – |
| लाभासं विवतरण | – | – | – | – | – | – | – |
| पौष ३०, २०८२ सम्मको मौज्दात | ९१०,००० | – | – | – | – | ४६,२९९ | ९५६,२९९ |

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** सो नभएको ।

(च **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको ।

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

(ज) **आगामी तिन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :** कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**प्रक्षेपित वासलात**

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व.२०८२/२०८३ | आ.व.२०८३/२०८४ | आ.व.२०८४/२०८५ |
| **सम्पत्ति** | | | |
| **गैर-चालु सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट तथा उपकरण | २५,४०८ | २५,४०८ | २५,४०८ |
| घटाउनेः ह्रासकट्टि | (११,५३४) | (१३,४५७) | (१४,४४०) |
| अमुर्त सम्पत्ति | ४,५७१,८४२ | ४,५७१,८४२ | ४,५७१,८४२ |
| घटाउनेः ह्रासकट्टि | (५३९,०३०) | (६९५,९०९) | (८५२,७८८) |
| कुल **गैर-चालु सम्पत्ति** | **४,०४६,६८५** | **३,८८७,८८३** | **३,७३०,०२१** |
| चालु सम्पत्ति | | | |
| नगद तथा नगद समान | ११४,७८९ | ३४९,५९४ | ५७०,४७३ |
| नगद तथा नगद समान बाहेक अन्य बैंक मौज्दात | ८१० | ८१० | ८१० |
| अग्रीम पूँजी | ७,६२६ | - | - |
| वित्तिय सम्पत्ति | - | - | - |

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व.२०८२/२०८३ | आ.व.२०८३/२०८४ | आ.व.२०८४/२०८५ |
| NEA बाट प्राप्य | १०१,९०७ | १०४,९६४ | १०४,९६४ |
| अन्य वित्तिय सम्पत्ति | ७४,६९४ | ७६,९३५ | ७९,२४३ |
| **जम्मा चालु सम्पत्ति** | **२९९,८२७** | **५३२,३०३** | **७५५,४९०** |
| **जम्मा सम्पत्ति** | **४,३४६,५१२** | **४,४२०,१८६** | **४,४८५,५११** |
| **इक्वीटी र दायित्व** | | | |
| ***इक्वीटी*** | | | |
| इक्वीटी शेयर पूँजी | १,४००,००० | १,४००,००० | १,४००,००० |
| संचित नाफा/नोक्सान (Retained Earnings) | ८१,६८२ | २३३,२६३ | ४०७,१४४ |
| **जम्मा इक्वीटी** | **१,४८१,६८२** | **१,६३३,२६३** | **१,८०७,१४४** |
| **गैर-चालु दायित्व** | | | |
| बैंक ऋण (आवधिक ऋण) | २,८१७,८६७ | २,७४०,९६७ | २,६३३,२१७ |
| **कुल गैर-चालु दायित्व** | **२,८१७,८६७** | **२,७४०,९६७** | **२,६३३,२१७** |
| **चालु दायित्व** | - | - | - |
| सापटि | ४०,००० | ४०,००० | ४०,००० |
| वित्तिय दायित्व | ५,०३६ | ४,०२९ | ३,२२३ |
| अन्य दायित्व | १,९२७ | १,९२७ | १,९२७ |
| लाभांशको व्यवस्था | - | - | - |
| करको व्यवस्था | - | - | - |
| **कुल चालु दायित्व** | **४६,९६३** | **४५,९५६** | **४५,१५०** |
| **कुल दायित्व** | **२,८६४,८३०** | **२,७८६,९२३** | **२,६७८,३६७** |
| **परिशोधन खर्च** | - | - | - |
| **कुल इक्वीटी र दायित्व** | **४,३४६,५१२** | **४,४२०,१८६** | **४,४८५,५११** |

**नाफा नोक्सान हिसाव**

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व.२०८२/२०८३ | आ.व.२०८३/२०८४ | आ.व.२०८४/२०८५ |
| बिजुली बिक्रिाट आय | ५६१,५२१ | ५८७,१४१ | ५९७,७३४ |
| अन्य आय | - | - | - |
| राष्ट्रिय आय | | | |
| **कुल आय** | **५६१,५२१** | **५८७,१४१** | **५९७,७३४** |
| **घटाउने:** | | | |
| COD जरिवाना | - | - | - |
| **सञ्चालन खर्च** | ४२,१४६ | ४२,५६७ | ४२,९९३ |
| *कर्मचारी लाभ खर्च* | १५,३९९ | १५,५५३ | १५,७०९ |
| *बीमा खर्च* | १४,५५० | १४,६९५ | १४,८४२ |
| *अन्य परिचालन र व्यवस्थापन* | १२,१९७ | १२,३१९ | १२,४४२ |
| बैंक ऋणमा ब्याज (अवधि ऋण) | १९३,९८० | २०८,५६९ | २०१,६३५ |
| बैंक ऋणमा ब्याज (छोटो अवधि ऋण) | ३८,२७२ | - | - |
| कार्यशिल ऋणमा ब्याज (उपयोगको ५०%) | ४,१०८ | १,८५० | १,८५० |
| अन्य बैंक भुक्तानी (बाँकी ऋणको ०.१५%) | १२,१५९ | ४,१७१ | ४,०१० |
| सरकारलाई तिरेको रोयाटी (Royalty) | १३,२५३ | ११,७४३ | ११,९५५ |
| अमुर्त सम्पत्तिको परिशोधन | १५६,८७९ | १५६,८७९ | १५६,८७९ |
| सम्पत्तिमा मुल्यह्रास | ३,९६४ | १,९२३ | ९८३ |
| प्रतिस्थापन मर्मत शुल्क | - | ४,७६४ | - |
| **जम्मा खर्च** | **४६४,७६०** | **४३२,४६७** | **४२०,३०४** |
| **कर अघिको नाफा** | **९६,७६१** | **१५४,६७५** | **१७७,४२९** |
| **घटाउने:** | | | |
| कर्मचारी बोनस प्रावधान (नाफाको २%) | १,९३५ | ३,०९३ | ३,५४९ |
| **बोनस प्रावधान पछिको नाफा** | **९४,८२६** | **१५१,५८१** | **१७३,८८१** |
| कर: २०% | - | - | - |

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व.२०८२/२०८३ | आ.व.२०८३/२०८४ | आ.व.२०८४/२०८५ |
| **करपछिको नाफा** | **९४,८२६** | **१५१,५८१** | **१७३,८८१** |
| घटाउने: इक्विटी शेयरधारकहरूलाई लाभांश | - | - | - |
| **चालु वर्षको लागि नाफा (लाभांश पछि)** | **९४,८२६** | **१५१,५८१** | **१७३,८८१** |
| **अघिल्लो वर्ष** | (१३,१४४) | ८१,६८२ | २३३,२६३ |
| **वासलातमा सारिएको रिजर्भ** | **८१,६८२** | **२३३,२६३** | **४०७,१४४** |

**प्रक्षेपित नगद प्रवाह विवरण**

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व.२०८२/२०८३ | आ.व.२०८३/२०८४ | आ.व.२०८४/२०८५ |
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | | | |
| वर्षको नाफा | ९४,८२६ | १५१,५८१ | १७३,८८१ |
| **समायोजन:** | | | |
| सम्पत्ति, प्लान्ट तथा उपकरणको ह्रास कट्टी तथा परिशोधन | १६०,८४३ | १५८,८०२ | १५७,८६२ |
| IFRIC १२ अनुसार मान्यताप्राप्त अनुमानित लाभ | - | - | - |
| वितिय लागत | २४८,५१९ | २१४,५९० | २०७,४९५ |
| **कार्यशील पूंजी समायोजन** | | | |
| अन्य वित्तिय सम्पत्तिमा (वृद्धी)/कमी | (३७,६९५) | (३,०५७) | - |
| अग्रीम पूँजीमा (वृद्धी)/कमी | - | ७,६२६ | - |
| अन्य सम्पत्तिमा (वृद्धी)/कमी | ५,३८३ | (२,२४१) | (२,३०८) |
| वित्तिय दायित्वमा वृद्धी/(कमी) | (२,०६०) | (१,००७) | (८०६) |
| अन्य वित्तिय दायित्वमा वृद्धी/(कमी) | (५२७) | - | - |
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | **४६९,२८९** | **५२६,२९५** | **५३६,१२४** |
| **लगानी कारोबार सञ्चालनबाट नगद प्रवाह** | | | |
| **लगानी कारोबार सञ्चालनबाट/(प्रयोग गरिएको) नगद प्रवाह** | | | |
| सम्पत्ति, प्लान्ट तथा उपकरणको अधिग्रहण | | - | - |
| परियोजना कार्य प्रगतिमा (वृद्धी)/कमी | - | - | - |
| अन्य लगानीमा (वृद्धी)/कमी | - | - | - |
| बैंक मौज्दात नगद र नगद बराबर बाहेक | - | - | - |
| **लगानी कारोबार सञ्चालनबाट नगद प्रवाह** | - | - | - |
| **वित्तीय कारोबारबाट नगद प्रवाह** | | | |
| निजी प्लेसमेन्ट मार्फत शेयर जारी | ४९०,००० | - | - |
| शेयरको लागि अग्रिम प्राप्ती | - | - | - |
| उधारो (भुक्तानी( र लिइएको (खुद) | (६२४,४१६) | (७६,९००) | (१०७,७५०) |
| ब्याज भुक्तानी | (२४८,५१९) | (२१४,५९०) | (२०७,४९५) |
| लाभासं भुक्तानी | - | - | - |
| **वित्तीय कारोबारबाट खुद नगद प्रवाह** | **(३८२,९३५)** | **(२९१,४९०)** | **(३१५,२४५)** |
| **नगद र नगद मौजदातमा खुद वृद्धि/(कमी)** | **८६,३५४** | **२३४,८०५** | **२२०,८७९** |
| नगद तथा बैंकमा रहेको शुरु मौज्दात | २८,४३६ | ११४,७८९ | ३४९,५९४ |
| **नगद तथा बैंकमा रहेका अन्तिम मौज्दात** | **११४,७८९** | **३४९,५९४** | **५७०,४७३** |

## वित्तीय प्रक्षेपणका आधार तथा तरिका

प्रक्षेपित वित्तीय विवरणहरु स्वीकृत लेखा सिद्धान्तको आधारमा तयार गरिएको छ। वित्तीय विवरणमा समावेश गरिएका आधारहरु भविष्यमा आउन सक्ने परिस्थितीहरुको व्यवस्थापनको अनुमानमा आधारीत छ। जुन परिस्थिती भविष्यमा आउन/नआउन सक्छ। वित्तीय प्रक्षेपण तयार गर्दा अपनाइएको महत्वपूर्ण धारण तथा तरिकाहरु निम्न प्रकार छन्।

**वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :**

| विवरण | वृद्धि/(घटी) | | |
|---|---|---|---|
| | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| **आम्दानी** | १०.६०% | ४.५६% | १.८०% |
| **खर्चहरु:** | | | |
| कर्मचारी सेवा सुविधा | ९.१४% | १.००% | १.००% |
| विमा खर्च | ४०.४८% | १.००% | १.००% |
| अन्य व्यवसायिक खर्च | -९.८८% | १.००% | १.००% |
| व्याज ( दिर्घकालिन ऋण) | -२२.५०% | ७.५२% | -३.३२% |
| व्याज ( अल्पकालिन ऋण) | २५.०२% | - | - |
| व्याज ( चालु पुँजी ऋण) | -२४.६०% | (०.५५) | - |
| अन्य बैंक खर्च | ११३.८३% | -६५.६९% | -३.८७% |
| रोयल्टी ( नेपाल सरकार) | ११.१०% | -११.३९% | १.८०% |
| परिसोधन | -०.२६% | - | - |
| ह्रासकट्टी | ३०.३५% | -१६०.७०% | -५१.४८% |
| प्रतिस्थापन मर्मत शुल्क | ०.००% | - | -१००.००% |
| **खुद नाफा** | **५९.५२%** | **५९.८५%** | **१४.७१%** |
| **सम्पत्ति** | -१.९३% | -३.९२% | -४.०६% |

**कारणहरु:**

**१) विद्युत विक्री आम्दानी**

विद्युत बिक्रीबाट प्राप्त हुने आम्दानीमा अघिल्लो वर्ष को तुलनामा आर्थिक वर्ष २०८०-८१ मा १६८.१६% वृद्धि भएको छ । अघिल्लो वर्ष २०८१-८२ मा ६.५१% ले वृद्धि भएको छ। आर्थिक वर्ष २०७९-८० मा ५ महिना सञ्चालनमा रहेको, आर्थिक वर्ष २०८०-८१ र आर्थिक वर्ष २०८१-८२ वास्तविक उत्पादनमा र आर्थिक वर्ष २०८२-८३ को लागि पौष २०८२ सम्मको अवधिको लागि वास्तविक आधारमा (ऊर्जा उत्पादनमा वृद्धि) र बाँकी ६ महिनाको लागि मिटर ऊर्जा र पीपीए दर र वृद्धि दरमा आधारित आम्दानी अनुमान गरिएको छ । २०८३-८४ र २०८४-८५ (७ महिना) अवधिको लागि आम्दानी ३% ले वृद्धि भएको छ जुन पीपीए अनुसार ३% को वृद्धि दर लिइ प्रक्षेपण गरिएको छ ।

**२) Late COD / Short Supply:**

आर्थिक वर्ष २०८०/८१ को लागि, Late COD वास्तविक आधारमा बुक गरिएको छ । आर्थिक वर्ष २०८१/८२ देखि कुनै Late COD र Short Supply वापतको जरिवाना नहुने प्रक्षेपण गरिएको छ ।

**३) सञ्चालन खर्च :**

आर्थिक वर्ष २०७९/८०, २०८०/८१ र २०८१/८२ को लागि कर्मचारीको सेवा सुविधा, बीमा र अन्य सञ्चालन लागत जस्ता सञ्चालन खर्चहरू वास्तविक आधारमा बुक गरिएको र त्यसपछि आर्थिक वर्ष २०८६/८७ सम्म यस्ता खर्चहरू १% ले बढ्ने प्रक्षेपण गरिएको छ ।

**४) बैंक ऋणको ब्याज :**

आर्थिक वर्ष २०८०/८१ को तुलनामा २०८१/८२ मा बैंक ऋण (दीर्घकालीन/टर्म लोन) सम्बन्धी ब्याज खर्च २५.९३% ले घटेको छ र अल्पकालीन ऋणको ब्याज खर्च ५.८९% ले कमी आएको छ। यसका प्रमुख कारण ब्याजदरमा आएको कमी तथा दीर्घकालीन ऋणको बाँकी रकम घट्नु हो। आर्थिक वर्ष २०८२/८३ देखि दीर्घकालीन ऋणको बाँकी रकममा कमी आउनुका साथै बैंक ब्याजदर घट्दै जानुमा विशेष गरी ऋण साटासाट (swap) गरिएको नबिल बैंकको न्यून आधार दर (Low Base Rate) को प्रभावका कारण ब्याज खर्च घट्दो प्रवृत्तिमा रहने अपेक्षा गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा आईपीओ निष्कासन पश्चात् अल्पकालीन ऋण चुक्ता गरिने भएकाले यसले ब्याज खर्चलाई थप घटाउनेछ।

**५) चालु पुँजी कर्जाको ब्याज :**

आर्थिक वर्ष २०८१/८२ मा ब्याजदर घटेकाले चालु पुँजी ऋणको ब्याज खर्च २३.६६% ले घटेको छ। आर्थिक वर्ष २०८२/८३ मा पनि ब्याजदरमा आएको कमी तथा ऋण साटासाट (swap) को प्रभावका कारण ब्याज खर्च २४.६०% ले घटेको छ । आर्थिक वर्ष २०८३/८४

पछि ब्याजदर तथा चालु पुंजी ऋणको बाँकी रकम स्थिर रहने अपेक्षा गरिएकोले चालु पुँजी ऋणको ब्याज खर्चमा कुनै परिवर्तन हुने छैन ।

**६) सरकारलाई रोयल्टी :**

सरकारलाई रोयल्टी प्रत्येक वर्षको विद्युत आम्दानीको २% र विद्युत क्षमताको लागि प्रति मेगावाट रु. १००,००० मा आधारित रही प्रक्षेपण गरिएको छ।

**७) परिशोधन (Amortization) :**

इजाजतपत्र अवधिभरमा अमूर्त सम्पत्ति (Intangibles Assets) लाई  समान रकममा भाग लगाइ प्रत्येक वर्ष सो रकम घटाइएकोले परिशोधन खर्च (Amortization Expenses) मा कुनै परिवर्तन नभएको प्रक्षेपण गरिएको छ।

**८) अन्य बैंक शुल्कहरू :**

बैंक ऋणको सावाँ रकम घट्दो क्रममा रहेको हुनाले सो सम्बन्धीत शुल्कहरु पनि घट्दै जाने प्रक्षेपण गरिएको छ ।

**९) खुद नाफा/नोक्सान :**

प्रत्येक वर्ष विद्युत बिक्री दर ३% को दरले वृद्धि भएको र उत्पादनमा वृद्धिको कारणले आम्दानीमा वृद्धि भएको साथै आईपीओ जारीबाट प्राप्त हुने रकमले कर्जा भुक्तानी गरेपछि, ब्याज खर्चमा कमी हुनाले वित्त लागत घट्दै जाने प्रक्षेपण गरिएको छ । सोही कारणहरुले खुद नाफामा वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

**१०) सम्पत्तिहरू :**

परिशोधन (Amortization )/मूल्यह्रासकट्टीका कारण सम्पत्तिको मूल्य घट्दै जाने प्रक्षेपण गरिएको छ ।

**ग. ९. ख. वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(क) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

कम्पनीको प्रति शेयर नेटवर्थ, प्रति शेयर आम्दानी तथा संचित नाफा(नोक्सान) मा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

| विवरण | वास्तविक (रु.हजारमा) | | | अपरिष्कृत | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व २०७९/२०८० | आ.व २०८०/२०८१ | आ.व २०८१/२०८२ | आ.व २०८२/८३ पौष मसान्त | आ.व २०८२/२०८३ | आ.व २०८२/२०८३ | आ.व २०८४/२०८५ |
| चुक्ता पूँजी | ८००,०६८ | ९१०,००० | ९१०,००० | ९१०,००० | १,४००,००० | १,४००,००० | १,४००,००० |
| अग्रिम शेयर पूँजी | - | - | - | - | - | - | - |
| संचित नाफा/नोक्सान (Retained Earnings) | १४३,६८० | २,१६० | (१३,१४४) | ४६,२९९ | ८१,६८२ | २३३,२६३ | ४०७,१४४ |
| **कुल नेटवर्थ** | **९४३,७४८** | **९१२,१६०** | **८९६,८५६** | **९५६,२९९** | **१,४८१,६८२** | **१,६३३,२६३** | **१,८०७,१४४** |
| शेयर संख्या | ८,१०० | ९,१०० | ९,१०० | ९,१०० | १४,००० | १४,००० | १४,००० |
| प्रति शेयर नेटवर्थ (रु.) | ११६.५१ | १००.२४ | ९८.५६ | १०५.०९ | १०५.८३ | ११६.६६ | १२९.०८ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| खूद नाफा नोक्सान (रु. हजारमा) | (८८,५५७) | (१४०,५४९) | (१३,४८३) | ५९,४४३ | ९४,८२६ | १५१,५८१ | १७३,८८१ |
| प्रति शेयर आम्दानी (रु.) | (१०.९३) | (१५.४४) | (१.४८) | ६.५३ | ६.७७ | १०.८३ | १२.४२ |
| नेटवर्थमा औसत प्रतिफल (%) | (०.०९) | (०.१५) | (०.०२) | ०.०६ | ०.०६ | ०.०९ | ०.१० |

प्रक्षेपित विवरणहरु कम्पनीको व्यवस्थापनले तयार गरी चार्टर्ड एकाउन्टेन्ट संस्था एस्.के.वाग्ले एण्ड एसोसियटस्ले पुनरावलोकन गरी ठिक छ भनी प्रमाणित गर्नुभएको हो ।

***नोट:*** *निर्माण सम्पन्न भएपश्चात आयोजनाको लागतलाई पुँजी करण (Capitalisation) गरी त्यसमा ह्रास कट्टी गर्ने र बैंकको ब्याज समेतलाई खर्चमा लेखाङ्कन गरीने हुँदा निर्माण सम्पन्न भएको वर्षमा खुद आम्दानी र नेटवर्थ घट्न जाने देखिन्छ। साथै, Service Concession Arrangement (IFRIC-12) अनुसार निर्माणको चरणमा आम्दानी Recognisation गरेको हुँदा नेटवर्थ, प्रति शेयर आम्दानी (EPS) संचालन पुर्वका वर्षमा बढेको र संचालन को वर्ष पश्चात तत्काल नेटवर्थ, प्रति शेयर आम्दानी (EPS) घटेको त्यस पश्चात क्रमिक रुपमा बढेको हुनाले सो वाट कम्पनीको वित्तिय अवस्थामा फरक नपर्ने देखिन्छ।*

**(ख) विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : (०.०९)%**

**(ग) निष्काशन पूर्व प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्युनतम प्रतिफल : ७.१४%**

**ग. १०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग. १०. क. धितोपत्र जारी गर्नुको उद्देश्य :**

१) कम्पनीको प्रबन्धपत्रमा रहेको व्यवस्था अनुसार जारी पूँजीको १०% शेयर आयोजना प्रभावित क्षेत्रका स्थानिय वासिन्दाहरुलाई तथा जारी पूँजीको ३५% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप शेयर सर्वसाधारणहरुमा (कम्पनीमा कार्यरत कर्मचारी, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु तथा सामुहिक लगानी कोष समेत) निष्काशन गरी कम्पनीको चुक्ता पूँजी रु.१,४०,००,००,०००/- पुर्याउन ।

२) कम्पनीले लिएको बैंक कर्जा रकम चुक्ता भुक्तानी गर्न ।

३) कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

४) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न ।

५) आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिन ।

**ग. १०. ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :**

सर्वसाधारण समुह "ख" अन्तर्गत छुट्याइएको यस कम्पनीको जारी पुँजी मध्येको ३५ प्रतिशत शेयर प्रारम्भिक सार्वजनिक निष्काशन (Initial Public Offerig – IPO) मार्फत बिक्री तथा बाँडफाँड गरी प्राप्त हुने रकमलाई कम्पनीको हाल सञ्चालनमा रहेको १५.३३ मे.वा.जडित क्षमताको कालंगागाड जलविद्युत आयोजनाको आवश्यक मर्मत सम्भार, सुधार तथा सञ्चालन प्रयोजनका लागि लिइएको बैंक कर्जा रकमको साँवा रकम चुक्ता भुक्तानीमा खर्च गर्ने वित्तीय योजना तथा रणनीति रहेको छ । जुन निम्नानुसार रहेको छ ।

**IPO मार्फत प्राप्त हुने रकमको उपयोग तालिका**

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | बैंकबाट लिईएको ऋण भुक्तानी (IPO Loan) | ३७२,४६७,०००/- |
| २ | बैंकबाट लिईएको अल्पकालिन ऋण भुक्तानी | ७२,०००,०००/- |
| ३ | आवधिक ऋण | ४५,५३३,०००/– |
| **जम्मा** | | ४९०,०००,०००/- |

**कर्जा सम्बन्धी अध्यावधिक विवरण**

यस कम्पनीले निर्माण गरिरहेका कालंगागाड जलविद्युत आयोजनाको लागि आवश्यक वित्तीय श्रोतको कम्पनीको संस्थापकद्वारा चुक्ता गरेको पूजी तथा बैंकहरुवाट लिएको ऋण रकम रहेको छ ।

**विभिन्न बैंकवाट लिएको स्विकृत ऋण रकम तपसिल बमोजिम रहेको छ ।**

(रु. दश लाख )

| बैंक | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | ग्लोबल आइएमई बैंक लिमिटेड | नबिल बैंक लिमिटेड | जम्मा |
|---|---|---|---|---|
| दिर्घकालिन -१ | ८००.०० | ३००.०० | १०००.०० | २,१००.०० |
| दिर्घकालिन -२ | २१९.०० | – | ८१.०० | ३००.०० |
| दिर्घकालिन -३ | – | – | २९०.०० | २९०.०० |
| दिर्घकालिन -४ | ३१०.०० | – | – | ३१०.०० |
| अल्पकालिन | १५०.०० | – | ७७.९० | २२७.९० |
| अल्पकालिन स्वाप | – | – | १५०.१० | १५०.१० |
| चालु पुंजी १ | ९५.०० | – | ५०.०० | १४५.०० |
| **जम्मा** | **१,५७४.००** | **३००.००** | **१,६४९.००** | **३,५२३.००** |

*नोट : सहवित्तिय कर्जा अनुसार रहेका ज्योति विकास बैंक लिमिटेड, एन.आई.सि एसिया बैंक लिमिटेड,* हिमालयन बैंक लिमिटेड *र कुमारी बैंक लिमिटेडमा स्विकृत भएको कर्जा रकम नविल बैंक लिमिटेडमा हस्तान्तरण (Swap) गरिएको छ ।*

- दिर्घकालिन ऋण को भुक्तानी अबधि १२ बर्ष रहेको छ यस को ब्याज दर WACC+ १.०५ प्रतिशत रहेको छ। साथै अल्पकालिन ऋण को भुक्तानी सार्वजनिक प्रारम्भिक निश्काशन बाट प्राप्त रकम बाट हुनेछ यस को ब्याज दर WACC+ २.०० प्रतिशत रहेको छ । चालु पुँजी ऋणको ब्याज दर WACC+ १.५० प्रतिशत रहेको छ।
- त्यसैगरी आयोजनाका संचालकहरुबाट व्यक्तिगत जमानी तथा संस्थापक शेयरधनीहरु बाट ऋण रकम बराबरको संस्थागत जमानी दिइएको छ।
- साथै ऋण उपभोग गर्दा धितो सुरक्षणको रुपमा कम्पनीको नाममा रहेको सम्पूर्ण जग्गा जमिन जमानत राखिएको छ।
- स्वीकृत दिर्घकालिन ऋणको ०.५५% बराबरको व्यवस्थापन शुल्क अग्रिम रूपमा लिइनेछ, जसको ५०% अग्रिम रूपमा अगुवा बैक द्वारा लिइनेछ र बाँकी ५०% दिर्घकालिन ऋणमा सहभागी बैंकहरू / वित्तीय संस्थाहरू समेत सँग ऋण अनुपातमा बाँडफाँड गरिनेछ।
- साथै एजेन्सी शुल्क हरेक आर्थिक वर्षको पहिलो दिन ०.१0% का दरले पछिल्लो वर्षको बाँकी ऋणमा लिइनेछ, सो शुल्क अगुवा बैंक ले ऋण अनुपातमा लिनेछ।

**कम्पनीको कर्जाको पौष मसान्त २०८२ को अवस्था निम्न बमोजिम रहेको छ।**

(रु. दश लाख )

| बैंक | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | ग्लोबल आइएमई बैंक लिमिटेड | नबिल बैंक लिमिटेड | जम्मा |
|---|---|---|---|---|
| दिर्घकालिन -१ | ७८४.७६१९०९ | २९४.२९ | – | १,०७९.०५ |
| दिर्घकालिन -२ | २१५.१६७५०३ | – | – | २१५.१७ |
| दिर्घकालिन -३ | – | – | – | ०.०० |
| दिर्घकालिन -४ | २९०.७४९९९ | – | – | २९०.७५ |
| नयाँ स्वाप कर्जा दिर्घकालिन | – | – | १३४५.२४ | १,३४५.२४ |
| अल्पकालिन | १४९.५७ | – | – | १४९.५७ |
| अल्पकालिन स्वाप | – | – | २६८ | २६८.०० |
| चालु पुँजी १ | ४५ | – | – | ४५.०० |
| चालु पुँजी २ | ९.७ | – | – | ९.७० |
| **जम्मा** | १,४९४.९५ | २९४.२९ | १,६१३.२४ | ३,४०२.४८ |

*नोट : सहवित्तियकरण कर्जा अनुसार रहेका ज्योति विकास बैंक लिमिटेड, एन.आई.सि एसिया बैंक लिमिटेड,* **हिमालयन बैंक लिमिटेड** *र कुमारी बैंक लिमिटेडमा स्विकृत भएको कर्जा रकम नविल बैंक लिमिटेडमा हस्तान्तरण (Swap) गरिएको छ।*

**कम्पनीले २०८२ पौष मसान्त सम्म लिएको कर्जा, कर्जाको भुक्तानी र बक्यौता रकम निम्नानुसार रहेको छ :**

(रु. दश लाख )

| बैंकको नाम | जम्मा कर्जा रकम | नयाँ स्वाप कर्जा | भुक्तानी भएको रकम | बाँकी कर्जा रकम | बाँकी कर्जा भुक्तान गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | १,५७४.०० | – | ७९.०५ | १,४९४.९५ | १२/३०/२०९४ |
| ग्लोबल आइएमई बैंक लिमिटेड | ३०० | – | ५.७१ | २९४.२९ | १२/३०/२०९४ |
| हिमालयन बैंक लिमिटेड | ६६७.९ | – | ६६७.९० | – | १२/३०/२०९४ |
| नबिल बैंक लिमिटेड | – | १,६१३.२४ | ०.०० | १,६१३.२४ | १२/३०/२०९४ |
| एन.आइ.सी.एसिया बैंक लिमिटेड | ४०० | – | ४००.०० | – | **नविल बैंक लिमिटेडमा हस्तान्तरण भएको** |
| कुमारी बैंक लिमिटेड | ४७०.६४ | – | ४७०.६४ | – | |
| ज्योती विकास बैंक लिमिटेड | ११०.४६ | – | ११०.४६ | – | |
| **जम्मा** | ३,५२३.०० | १,६१३.२४ | १,७३३.७६ | ३,४०२.४८ | |

*नोट : सहवित्तियकरण कर्जा अनुसार रहेका ज्योति विकाश बैंक लिमिटेड, एन.आई.सि एसिया बैंक लिमिटेड,* हिमालयन बैंक लिमिटेड *र कुमारी बैंक लिमिटेडमा स्विकृत भएको कर्जा रकम नविल बैंक लिमिटेडमा हस्तान्तरण (Swap) गरिएको छ।*

**आयोजनाको ऋणको भुक्तानी अबधिको हरेक बर्षको ऋण र ब्याज भुक्तानीको विवरण यस प्रकार रहेको छ ।**

(रु. हजारमा)

| बर्ष | जम्मा ऋण भुक्तानी | जम्मा ब्याज भुक्तानी | जम्मा किस्ता रकम | बाँकी ऋण |
|---|---|---|---|---|
| २०७९/८० | १,२५० | ५६,२५० | ५७,५०० | २,९९८,७५० |
| २०८०/८१ | ७,७५० | २२४,७६६ | २३२,५१६ | २,९९१,००० |
| २०८१/८२ | ८२,२५० | २२१,४३८ | ३०३,६८८ | २,९०८,७५० |
| २०८२/८३ | ९०,८८३ | २१६,५५३ | ३०७,४३६ | २,८१७,८६७ |
| २०८३/८४ | ७६,९०० | २०८,५६९ | २८५,४६९ | २,७४०,९६७ |
| २०८४/८५ | १०७,७५० | २०१,६३५ | ३०९,३८५ | २,६३३,२१७ |
| २०८५/८६ | १४२,५०० | १९२,३२६ | ३३४,८२६ | २,४९०,७१७ |
| २०८६/८७ | १८२,५०० | १८०,२६९ | ३६२,७६९ | २,३०८,२१७ |
| २०८७/८८ | २०७,५०० | १६५,८८८ | ३७३,३८८ | २,१००,७१७ |
| २०८८/८९ | २३९,५०० | १४९,१०७ | ३८८,६०७ | १,८६१,२१७ |
| २०८९/९० | २६४,५०० | १३०,५८२ | ३९५,०८२ | १,५९६,७१७ |
| २०९०/९१ | २९४,२५० | १०९,९०१ | ४०४,१५१ | १,३०२,४६७ |
| २०९१/९२ | ३१७,२५० | ८७,२०४ | ४०४,४५४ | ९८५,२१७ |
| २०९२/९३ | ३३४,२५० | ६३,०८२ | ३९७,३३२ | ६५०,९६७ |
| २०९३/९४ | ३८८,५०० | ३६,०५४ | ४२४,५५४ | २६२,४६७ |
| २०९४/९५ | २६२,४६७ | ८,०१४ | २७०,४८१ | - |
| **जम्मा** | **३,०००,०००** | **२,२५१,६३६** | **५,२५१,६३६** | |

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्रि नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था:**

आयोजना प्रभावित क्षेत्र (अति प्रभावित र प्रभावित) का स्थानीयका लागि निष्काशन गरिएको धितोपत्र भन्दा कम धितोपत्र खरीदका लागि माग भएमा माग भएजति धितोपत्र शतप्रतिशत बाँडफाँड गरी बाँकी रहने धितोपत्र सर्वसाधारण समूहलाई छुट्याएको धितोपत्रमा थप गरी बिक्री वितरण गरिनेछ । कथंकदाचित सर्वसाधारणको लागि निष्काशन गरिने धितोपत्रपूर्ण रुपमा बिक्री नभई बाँकी रहन गएमा रहन गएमा निष्काशन रकम रु.४९,००,००,०००/- (अक्षरेपी उनान्पचास करोड रुपैँया मात्र) बराबरको शेयर खरिद गर्न श्री हिमालयन क्यापिटल लिमिटेड र हिमालयन सामुहिक लगानी कोष अन्तर्गत सञ्चालित श्री हिमालयन क्यापिटल लिमिटेड द्वारा व्यवस्थापन गरिएको "हिमालयन ८०-२०" सँग प्रत्याभूति सम्झौता गरि प्रत्याभुतीकर्ता नियुक्ति गरिएको छ ।

**(ग) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण:**

यस कम्पनीबाट बझाङ जिल्लाको सुनकुँडा र खिरातडी गाँउपालिकामा अवस्थित आयोजनाको निर्माण सम्पन्न गरि मिति २०७९/१०/२७ गतेबाट व्यवसायिक उत्पादन शुरु भई उत्पादित विद्युत १३२ के.भि. प्रसारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको सुनकुँडा बलांच सवस्टेशनमा जोडि राष्ट्रिय प्रसारण प्रणालीमा आवद्ध भइसकेको छ ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :**

विद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन (RCOD) सुरु गर्नुपर्ने मिति २०७६ भाद्र २९ गते रहेकोमा नेपाल विद्युत प्राधिकरण र यस कम्पनी बीच मिति २०७९ श्रावण २६ गते भएको सम्झौता बमोजिम विद्युत उत्पादन सुरु गर्नपुर्ने, (RCOD) मिति २०७७ मंसिर १६ गते सम्म थप गरिएको थियो । सो पश्चात नेपाल विद्युत प्राधिकरण र यस कम्पनी बीच मिति २०७९ साल फाल्गुण ३० गते भएको सम्झौता बमोजिम विद्युत उत्पादन सुरु गर्नपुर्ने, (RCOD) मिति २०७८ मंसिर १५ गते सम्म थप गरिएको र नेपाल विद्युत प्राधिकरणको मिति २०७९/१२/०८ को पत्र बमोजिम व्यापारिक विद्युत उत्पादन (Commercial Operation Date) मिति २०७९/१०/२७

गते निर्धारण भएको छ। उक्त मिति २०७९/१०/२७ गतेबाट यस जलविद्युत आयोजनाले व्यवसायिक उत्पादन शुरु गरी संचालनमा रहेको छ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**
आयोजनाको निर्माण कार्य सम्पन्न भई हाल सञ्चालनमा रहेकोले त्यस्तो सप्लायर नभएको।

| क्र. स | विवरण | सप्लायर्ससको नाम | रकम रु. |
|---|---|---|---|
| १ | टर्वाइन जेनेरेटर, ट्रान्सफर्मर लगायत पावरहाउसका उपकरणहरु | एन्ड्रिज हाइड्रो प्रा.लि.. | ३१,६५,९३,३०९.०० |
| २ | पेनस्टक पाइप र पेनस्टक फिटिङ | क्वाङ्गझाउ डिरि फेङ्गदा इन्ट ट्रेड कम्पनी र हिवेइ सेङ्गतान पाइप फिटिङ्ग ग्रुप लि. | ५,४८,६९,८६३.०० |
| ३ | ट्रान्समिसन लाइनको उपकरणहरू | मुडभरि एण्ड जोशी | ७,९१,१६,४५०.९४ |

(च) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको।

(छ) **उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**
कम्पनीको उत्पादन जलविद्युत हो, सो को प्रयोगकर्ता नेपालका देशवासीहरु रहेका छन्, साना जलविद्युतको क्षेत्रमा धेरै कम मात्रामा मात्र प्रतिस्पर्धा रहेको छ र कम्पनीबाट निर्माण सम्पन्न भई संचालनमा रहेको जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता १५.३३ मे.वा. रहेको छ।

ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलव्धता र त्यसको श्रोत :** बझाङ जिल्लाको सुनकुँडा, खिरातडी र बाँझ गाउँपालिका भएर बहने कालंगा गाड खोलाको पानी।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** बझाङ जिल्लाको सुनकुँडा, खिरातडी र बाँझ गाउँपालिका भएर बहने कालंगा गाड खोलाको पानी।

(ञ) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने।**
(अ) निष्काशन तथा बिक्रि प्रबन्धक – रु.१,००,०००/–
(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको।
(इ) प्रत्याभूतिकर्ता शुल्क – रु. ४,९०,००० /–
(ई) प्रत्यभूतिकर्ताको नाम र ठेगाना – हिमालयन क्यापिटल लिमिटेड र हिमालयन सामुहिक लगानी कोष अन्तर्गत सञ्चालित हिमालयन क्यापिटल लिमिटेड द्वारा व्यवस्थापन गरिएको "हिमालयन ८०-२०"।
(उ विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – वित्तीय प्रक्षेपण प्रमाणिकरण तथा अन्य कार्य वापतको शुल्क रु.३०,०००/–(कर बाहेक)
(ऊ) लेखापरीक्षकको शुल्क – आ.व. २०८१/०८२ को लेखापरीक्षण शुल्क वापत मू.अ.क. बाहेक रु.२,५०,०००/-
(ए) रेटिङ शुल्क: – केयर रेटिङ्स नेपाल लिमिटेडलाई मू.अ.क.बाहेक रु.१,००,०००/- (Reaffirmed)
(ऐ) विद्युत नियमन आयोगमा बुझाएको शुल्क – रु.७,५०,०००/-
(ओ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) – संकलन केन्द्रहरुले रकम संकलन तथा फिर्ता भुक्तानी गरे बापत (स्थानीय बासिन्दा तथा सर्वसाधारणहरुलाई निष्काशन गरिने समेत) अन्य खर्चहरु संकलन केन्द्रसंग सहमति भए बमोजिम हुनेछ।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:** सो नभएको।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** प्रिमियममा शेयर जारी नगरिएको।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।

१. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।

२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकि रहेको निष्काशित शेयर आवेदकहरुलाई पून: १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।

३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकि भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।

४. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।

५. शेयर बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डलाई जानकारी गराइनेछ ।

६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोली पल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।

७. आयोजना प्रभावित क्षेत्र, बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुलाई छुट्याइएको शेयर न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकि रहेको शेयर सर्वसाधारण समुहमा थप गरी बाँडफाँड गरिनेछ । साथै, सर्वसाधारण समुहबाट समेत न्यून माग भएमा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकि रहेको शेयर कम्पनी र प्रत्याभुतीकर्ता वीच भएको प्रत्याभूति सम्बन्धी सम्झौता बमोजिम प्रत्याभूतिकर्ताले खरिद गर्नेछ ।

८. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई सुरक्षित गरिएको शेयर मध्ये अति प्रभावित क्षेत्रका बासिन्दालाई छुट्याएको शेयर सोही क्षेत्रका आवेदकलाई तथा प्रभावित क्षेत्रका बासिन्दाहरुलाई छुट्याएको शेयर सोही क्षेत्रका आवेदकहरुलाई मात्र बाँडफाँड गरिनेछ । तर एक क्षेत्रबाट निष्काशन गरिएको शेयर भन्दा बढीको आवेदन प्राप्त भई अर्को क्षेत्रमा निष्काशन गरिए भन्दा कम शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएमा बढि माग भए बराबरको शेयर अर्को क्षेत्रमा थप गरि सञ्चालक समितिको निर्णय बमोजिम बाँडफाँड गर्न सकिनेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:**

स्थानियवासीको हकमा दरखास्त फारम भरि आवेदन दिनुहुने आवेदकलाई शेयर बिक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समय भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत तथा अस्वीकृत भएको व्यहोरा जनाईएको बाँडफाँड-पत्र र फिर्ता भुक्तानी रकम बुझाएको स्थानबाट नै फिर्ता भुक्तानी हुने व्यवस्था गरिनेछ । यस विवरण-पत्र मार्फत जारी गरिएको शेयर संख्या भन्दा बढी संख्यामा शेयर खरिदको लागि आवेदन प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको धितोपत्र दर्ता तथा निष्काशन अनुमति सम्बन्धि नियम अनुरुप बाँडफाँड गरिने छ । यदि माग भन्दा कम शेयरको लागि आवेदन प्राप्त भएमा नियम अनुसार गरिनेछ । सर्वसाधारण समुहको हकमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंक तथा वित्तीय संस्थाहरुबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर बापतको रकम मात्र माग गरी बाँकि रकम सोही खातामा कानुन बमोजिम सहभागी बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईने छ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

**<u>आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा :</u>** संकलन केन्द्रमार्फत संकलित रकममध्ये बाँडफाँडमा नपरेको रकम फिर्ता भुक्तानीमा ढिलाई भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २९ (३) मा भएको व्यवस्था बमोजिम धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज वापतको रकम सहित फिर्ता भुक्तानी गरिनेछ । सि-आस्बा मार्फत आवेदन दिने आवेदकहरुको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुने हुँदा यो व्यवस्था लागू हुने छैन ।

**<u>वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सर्वसाधारण शेयरधनीको हकमा:</u>** वैदेशिक रोजगारीमा रहेका नेपाली तथा सर्वसाधारणहरुबाट सि-आस्बा मार्फत आवेदन प्राप्त हुने हुँदा निजहरुको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुने हुँदा यो व्यवस्था लागू हुने छैन ।

**(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा रहेको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात "धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** निष्काशन गर्ने साधारण शेयर हाल सूचिकरण भैसकेको छैन ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो वजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई कारोवार हुने व्यवस्था मिलाइने छ । साथै, सूचिकरण पश्चात आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा निष्काशनकर्ता कम्पनीका कर्मचारीहरुका लागि छुट्ट्याई निष्काशन गरिएको साधारण शेयर तोकिएको समयावधिसम्म खरिद बिक्रि गर्न नमिल्ने गरी हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

१. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गरिएको धितोपत्रको संख्या र रकम :

| क.सं | प्रत्याभूतिकर्ताको नाम | प्रत्याभूति गरिने शेयर संख्या | जम्मा मुल्य रु. १००/- का दरले हुने प्रत्याभूति रकम (रु.) | प्रत्याभूति शुल्क रकम (रु.) (०.१०% का दरले) |
|---|---|---|---|---|
| १ | श्री हिमालयन क्यापिटल लिमिटेड | ३९,००,००० | ३९,००,००,००० | ३,९०,००० |
| २ | श्री हिमालयन ८०-२० | १०,००,००० | १०,००,००,००० | १,००,००० |
| | **जम्मा** | **४९,००,०००** | **४९,००,००,०००** | **४९०,०००** |

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

१. प्रथम पक्षले सर्वसाधारणमा निष्काशन गर्न लागेको कम्पनीको जारी पूँजीको ३५ प्रतिशतले हुने रु.१००/–अंकित दरका ४९,००,००० कित्ता शेयर (रु.४९,००,००,०००/- प्रत्याभूतिकर्ताले प्रत्याभूति गर्न मञ्जुर गर्दछ । कथम् कदाचित आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिएको शेयर पूर्ण वा आँशिक रुपमा बिक्रि नभएमा सो बिक्रि नभएको शेयर समेत थप गरी सो बापत थप रु.४९,००,००,०००/- रकम बराबरको सिमा भित्र रहि प्रत्याभूति गर्न मञ्जुर गर्दछ ।

२. प्रत्याभूतिकर्ताले प्रथम पक्षको प्रत्याभूति गर्न यस सम्झौताबाट कबुल गरेको शेयर कित्ता सम्मको मात्र दायित्व हुनेछ ।

४. प्रथम पक्षको शेयर सर्वसाधारणमा बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः पूरा हुनेछ ।

५. यस सम्झौताको समयावधि सम्झौता भएको मितिले ६ (छ) महिना सम्मको हुनेछ । कथंकदाचित उक्त अवधिभित्र शेयर निष्काशन को कार्य गर्न नसकिएमा थप शुल्कमा दुवै पक्षहरुको आपसी सहमतिमा सम्झौताको समयावधि थप गर्न सकिनेछ ।

६. यस सम्झौताको कार्यान्वयन प्रचलित मुलुकी देवानी संहिता, २०७४ बमोजिम हुनेछ ।

७. दुवै पक्षको मन्जुरीबाट यस सम्झौतापत्रमा भएका शर्तहरु परिवर्तन गर्न, परिमार्जन गर्न वा संशोधन गर्न सकिनेछ र यस्ता परिवर्तनहरु यस सम्झौतापत्रको अभिन्न अङ्ग मानिनेछ ।

**ग.१०. छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

(क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ ।

(ख) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, ल.म.न.पा.-३, धोबिघाट, ललितपुर वा धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक सानिमा क्यापिटल लिमिटेड सम मार्ग, नक्साल, काठमाण्डौमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरका लागि सर्वसाधारणहरुले दरखास्त दिंदा न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम २०,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिने छ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**<u>आयोजना प्रभावित क्षेत्रको वासिन्दाको हकमा</u>**

आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूँजीको १०% अर्थात रु.१४,००,००,०००/– (अक्षरेपी चौध करोड रुपैया मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको १४,००,००० कित्ता शेयर मध्ये आयोजना अति प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्ला अन्तर्गतका केदारस्यूँ गा.पा.को वडा नं. ४ र ५ (साविकको बाँझ - ०३ समेत), बित्थडचिर गा.पा. वडा नं. ६ र ८ (साविकको सुनकुँडा गा.वि.स. वडा नं. ३ र ५ समेत), बुंगल न.पा. को वडा नं. ३, ४, ६, ८ र ५ (साविकको खिरातडी गा.वि.स. वडा नं. ९ समेत), वैतडी जिल्लाको डिलासैनी गा.पा को वडा नं. १ र २ तथा दार्चुला जिल्लाको शैल्यशिखर न.पा.को वडा नं. १ का बासिन्दाहरुलाई ६५% अर्थात ९,१०,००० कित्ता शेयर र सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्लाका केदारस्यूँ गाउँपालिका, वित्थडचिर गाउँपालिका र बुंगल नगरपालिका का अतिप्रभावित क्षेत्रमा नपरेका सम्पूर्ण वडाहरु, बैतडी जिल्लाको डिलासैनी गाँउपालिकाको अति प्रभावित क्षेत्रमा नपरेका सम्पूर्ण वडाहरु, दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिकाको अतिप्रभावित क्षेत्रमा नपरेका सम्पूर्ण वडाहरुका आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुलाई ३५% अर्थात ४,९०,००० कित्ता शेयर) यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरमा निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा खरिद गर्न आवेदन दिन सक्नेछन् । आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई सुरक्षित गरिएको शेयर मध्ये अति प्रभावित क्षेत्रका बासिन्दालाई छुट्याएको शेयर सोही क्षेत्रका आवेदकलाई तथा प्रभावित क्षेत्रका बासिन्दाहरुलाई छुट्याएको शेयर सोही क्षेत्रका आवेदकहरुलाई मात्र बाँडफाँड गरिनेछ । तर एक क्षेत्रबाट निष्काशन गरिएको शेयर भन्दा बढीको आवेदन प्राप्त भई अर्को क्षेत्रमा निष्काशन गरिए भन्दा कम शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएमा बढि माग भए बराबरको शेयर अर्को क्षेत्रमा थप गरि सञ्चालक समितिको निर्णय बमोजिम बाँडफाँड गर्न सकिनेछ ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रको बासिन्दा प्रमाणित गर्ने नागरिकता वा स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ ।

३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

४. विवाह भै आएका महिलाका हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ ।

५. बसाईं सराई गरी आएको हकमा सार्वजनिक निष्काशन हुने मिति भन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ ।

६. माथि उल्लेखित हुन छुटेका विवरण प्रक्रियामा विवाद आएमा सम्बन्धित स्थानीय निकायको निर्णय सहितको सिफारिस पत्र ।

७. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

८. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ ।

९. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

१०. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा सम्पूर्ण आवेदनलाई रद्द गरिनेछ ।

११. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त फारम बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

१२. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुन: आवेदन दिन पाउने छैनन् ।

१३. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

१४. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१५. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१६. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।

१७. शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१८. **आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" तथा ASBA सेवा लागू हुने छैन ।**

**<u>नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको हकमा :</u>**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने विदेशमा वसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन्।

५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले स्थानियवासी तथा सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् साथै अन्य शर्त तथा व्यवस्थाहरु सर्वसाधारण समुहले पुरा गर्नुपर्ने व्यवस्था अनुसार हुनेछ ।

**सर्वसाधारणमा निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् :**

१. यस विवरण पत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहने सर्वसाधारणले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

२. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

३. सर्वसाधारणको हकमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् ।

४. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

५. धतोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गर्न चाहेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुंदा सो कुराको जानकारी आवेदक स्वयंले जानकारीमा लिनु पर्नेछ ।

६. धितोपत्र बाँडफाँड गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

७. शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेका शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

८. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति** : सो नरहेको

(ख) **आधारभूत शेयरधनी :** आधारभूत शेयरधनी सम्बन्धित पक्ष बीचको कारोबार नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य** : कारोबार नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था** : सो नरहेको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्फौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्फौता गरेको भए सो कुरा** : छैन ।

(च) **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने** : ऋण कारोबार गरेको छैन ।

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :** नभएको ।

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्फौताको मुख्य तथा तात्विक बुँदाहरु :** नभएको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्काशनकर्ता कम्पनी सूचीकृत संस्था नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** सो नभएको ।

**ग.१४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धि सम्बन्धी विवरण :** सो नभएको ।

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** सो नभएको ।

**ग.१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) <u>**लेखापरीक्षक :**</u> मिति २०८२ पौष ४ गते को पाँचौं बार्षिक साधारण सभाको निर्णय बमोजिम कम्पनीको आ.व.२०८२/०८३ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षणको लागि श्री एस.एस.ए. एसोसिएटस् चार्टर्ड एकाउन्टेन्टस् लाई नियुक्त गरिएको छ ।

आ) **निष्काशन बैंक (**Bankers to the Issue**) :** यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| क्र.सं | निष्काशन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | श्री सानिमा बैंक लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । | Sanima Capital Ltd (Kalanga IPO) | ९०९०१००१००००४५९ |

इ) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा कम्पनी व्यवस्थापनबाट तयार गरी चार्टर्ड एकाउण्टेण्ट संस्था श्री बि.लामा एसोसिएटस् चार्टर्ड एकाउन्टेन्टस्ले पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गरेको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** :

**अ)** लेखापरीक्षक : सो नभएको ।

**आ)** निष्काशन बैंक (Bankers to the Issue): आयोजना प्रभावित क्षेत्रका (अति प्रभावित र कप्रभावित) बासिन्दाहरुका लागि यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरहरुको लागि निष्काशन बैंक (Banker to Issue) को रुपमा श्री सानिमा बैंक लिमिटेड, नक्साल, काठमाण्डौंलाई तोकिएको छ । साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी गराई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

संस्थापक शेयरधनीहरुको स्वपूँजी र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरी आयोजना सम्पन्न गरिएको र हाल नियमित आयबाट नैं कम्पनी र आयोजनाका कामहरु संचालन भै रहेको छ। कम्पनीले जारी गर्न लागेको साधारण शेयर वापतको रकम प्राप्त नभएसम्म कम्पनीको वित्तीय आवश्यकता पुरा गर्न बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरेको छ। सोको विस्तृत विवरण निम्न बमोजिम रहेको छ।

(रु. दश लाखमा )

| बैंक | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | ग्लोबल आइएमई बैंक लिमिटेड | नबिल बैंक लिमिटेड | जम्मा |
|---|---|---|---|---|
| दिर्घकालिन -१ | ८०० | ३०० | १००० | २,१००.०० |
| दिर्घकालिन -२ | २१९ | – | ८१ | ३००.०० |
| दिर्घकालिन -३ | – | – | २९० | २९०.०० |
| दिर्घकालिन -४ | ३१० | – | – | ३१०.०० |
| अल्पकालिन | १५० | – | ७७.९ | २२७.९० |
| अल्पकालिन स्वाप | – | – | १५०.१ | १५०.१० |
| चालु पुँजी | ९५ | – | ५० | १४५.०० |
| **जम्मा** | १,५७४.०० | ३००.०० | १,६४९.०० | ३,५२३.०० |

***नोट : सहवित्तियकरण कर्जा अनुसार रहेका ज्योति विकास बैंक लिमिटेड, एन.आई.सि एसिया बैंक लिमिटेड, हिमालयन बैंक लिमिटेड र कुमारी बैंक लिमिटेडमा स्विकृत भएको कर्जा रकम नविल बैंक लिमिटेडमा हस्तान्तरण (Swap) गरिएको छ।***

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा** : कम्पनीको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक रुपमा असर पार्ने गरी हालसम्म कुनै पनि प्रकारको विवाद, मुद्दा- मामिलाहरु परेको छैन।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण** : संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई मुद्दा दायर गरिएको छैन।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने** : सो नभएको।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु** : सो नभएको।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्रीमती रश्मी रिजाललाई फोन नं.:०१-४५४०५०८ तथा Email Address: rashmi.rijal@sanimacapital.com मार्फत सम्पर्क गरी प्रेषित गर्न सक्नेछन्।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :** सो नभएको।

ग.२२. अन्य सामान्य जानकारी :

(क) **विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** प्रक्षेपित वित्तीय विवरण प्रमाणित गर्ने विज्ञले सो वित्तीय विवरणहरुमा कुनै कैफियत जनाएको छैन ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

**(अ) सञ्चालकमा भएको परिवर्तन :**

| क्र.सं. | परिवर्तन भएको सञ्चालकको नाम र ठेगाना | परिवर्तन भएको कारण | नियुक्ति स्वीकृत मिति |
|---|---|---|---|
| १. | उमेश श्रेष्ठ | पुनः नियुक्ति | २०८०/०१/२३ गते सम्पन्न दोश्रो वार्षिक साधारण सभाबाट |
| २. | तिर्थराज चटौत | प्रबन्ध सञ्चालकमा नियुक्ति | २०८२/०६/१७ गते सम्पन्न संचालक समितीको बैठकबाट |
| ३. | विरेन्द्र बहादुर मल्ल | राजिनामा | २०८२/०८/०५ गते संचालक समितीको बैठकबाट स्किृति गरिएको |

**(आ) लेखापरीक्षकमा भएको परिवर्तन** : यस कम्पनीका हालसम्मका लेखा परीक्षकहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | परिवर्तन भएको सञ्चालकको नाम र ठेगाना | परिवर्तन भएको कारण | नियुक्ति स्वीकृत मिति |
|---|---|---|---|
| १. | उमेश श्रेष्ठ | प्रतिनिधि परिवर्तन भएको | २०८२/१०/२८ गते कालंगागाड उर्जा विकास इन्भेष्टमेन्ट प्रा. ली. बाट प्रतिनिधि परिवर्तन भएको । |
| २. | विद्या लिम्बू | प्रतिनिधि नियुक्ति भएको | २०८२/१०/२८ गते कालंगागाड उर्जा विकास इन्भेष्टमेन्ट प्रा. ली. बाट प्रतिनिधि नियुक्ति भएको । |
| ३. | राजेश कुमार श्रेष्ठ | प्रतिनिधि परिवर्तन भएको | २०८२/१०/२८ गते जलान्जली इन्भेष्टमेन्ट लिमिटेड प्रतिनिधि परिवर्तन भएको । |
| ४. | सम्पुर्ण लिम्बू | प्रतिनिधि नियुक्ति भएको | २०८२/१०/२८ गते जलान्जली इन्भेष्टमेन्ट लिमिटेड प्रतिनिधि नियुक्ति भएको । |
| ५. | शिव प्रसाद घिमिरे | प्रतिनिधि परिवर्तन भएको | २०८२/१०/२८ गते वरुण इन्भेष्टमेन्ट लि बाट प्रतिनिधि परिवर्तन भएको |
| ६. | सुगम घिमिरे | प्रतिनिधि नियुक्ति भएको | २०८२/१०/२८ गते वरुण इन्भेष्टमेन्ट लि बाट प्रतिनिधि नियुक्ति भएको |
| ७. | तिर्थराज चटौत | प्रबन्ध सञ्चालकमा नियुक्ति | २०८२/०६/१७ गते सम्पन्न संचालक समितीको बैठकबाट |
| ८. | विरेन्द्र बहादुर मल्ल | राजिनामा | २०८२/०८/०५ गते संचालक समितीको बैठकबाट स्किृति गरिएको |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

| कम्पनी सचिवको नाम | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| प्रदिप कुमार दाहाल | कागेश्वरी मनोहरा ०९, काठमाण्डौ । | व्यवस्थापनमा स्नातकोत्तर | १२ वर्ष देखि लेखा तथा प्रशासनमा अनुभव |

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

**कम्पनीको सञ्चालक समितिको मिति २०८० माघ २५ गतेको निर्णय बमोजिम :**

यस कम्पनीको मिति २०८० बैशाख २३ गते सम्पन्न दोश्रो वार्षिक साधारण सभाबाट पारित प्रस्ताव बमोजिम कम्पनीको जारी पुँजी मध्येको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको १० प्रतिशत अर्थात् १४,००,००० कित्ता आयोजना प्रभावित (आयोजना प्रभावित) क्षेत्रका बासिन्दालाई र २५ प्रतिशत अर्थात् ३५,००,००० कित्ता सर्वसाधारणलाई गरी जम्मा ४९,००,००० (उनान्पचास लाख  मात्र) कित्ता शेयर धितोपत्र सम्बन्धी प्रचलित कानुन बमोजिम प्रारम्भिक सार्वजनिक निष्काशन (Initial Public Offering - IPO) गरी

बिक्री गर्नका लागि तोकिए बमोजिमको विवरणपत्रको मस्यौदा तयार गरी, धितोपत्र दर्ता तथा निष्काशन स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्ड समक्ष दरखास्त दिने सर्वसम्मत निर्णय गरियो । साथै, सम्बन्धित निकायबाट प्राप्त निर्देशन बमोजिम सो विवरणपत्रमा आवश्यक परिवर्तन वा फेरबदल गर्न लगायत धितोपत्र दर्ता तथा निष्काशन स्वीकृति प्रयोजनका लागि यस कम्पनीको तर्फबाट गर्नु पर्ने आवश्यक सम्पुर्ण कार्यहरु गर्न, गराउनका लागि कम्पनीका लेखा अधिकृत श्री प्रदिप कुमार दाहाललाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

***नोट : नेपाल सरकारको श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि आवेदन खुल्ला गर्ने सम्बन्धि निर्णय नेपाल धितोपत्र बोर्डद्वारा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७९ मा भएको संशोधित व्यवस्था बमोजिम गरिएको हो ।***

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** आयकर ऐन, २०५८ को दफा ११ (३) को व्यवस्था अनुसार यस कम्पनीले विद्युत उत्पादन शुरु गरेको मितिले पहिलो १० वर्षसम्म पुरै आयकर छुट तथा सो पश्चात ५ वर्ष को लागि पचास प्रतिशत आयकर छुट पाउनेछ । साथै, विद्युत ऐन, २०४९ को दफा १२ (७) तथा आर्थिक ऐन, २०७२ को दफा (२) को उपदफा (१) अन्तर्गत आयोजना निर्माणको लागि आवश्यक स्टील पाइप, उपकरण आदिको आयातमा भन्सार महशुल १ प्रतिशत लाग्ने एवं मूल्य अभिवृद्धि कर पुरै छुट हुने सुविधा दिइएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, ल.म.न.पा.-३, धोबिघाट, ललितपुर ।

२. धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक श्री सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाण्डौ ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन नियम अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

कम्पनीको जारी पूँजी रु.१,४०,००,००,०००/- (अक्षरेपी एक अर्ब चालीस करोड मात्र) मध्ये ३५% अर्थात रु.४९,००,००,०००/– (अक्षरेपी उन्नचास करोड मात्र) रकम बराबर प्रति शेयर अंकित मुल्य रु.१००/- दरको ४९,००,००० कित्ता शेयर सर्वसाधारणलाई छुट्याईएको मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही १०% अर्थात रु १४,००,००,०००/– (अक्षरेपी चौध करोड रुपैया मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको १४,००,००० कित्ता शेयर आयोजना अति प्रभावित क्षेत्र अर्थात सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्ला अन्तर्गतका केदारस्यूँ गा.पा.को वडा नं. ४ र ५ (साविकको बाँझ -०३ समेत), त्यस्तै बित्थडचिर गा.पा. वडा नं. ६ र ८ (साविकको सुनकुँडा गा.वि.स. वडा नं. ३ र ५ समेत), बुंगल न.पा.को वडा नं. ३, ४, ६, ८ र ५ (साविकको खिरातडी गा.वि.स. वडा नं. ९ समेत), वैतडी जिल्लाको डिलासैनी गा.पा को वडा नं. १ र २ तथा दार्चुला जिल्लाको शैल्यशिखर न.पा. को वडा नं. १ का स्थानिय बासिन्दाहरुलाई ६५% अर्थात ९,१०,००० कित्ता तथा आयोजना प्रभावित क्षेत्र बझाङ्ग जिल्ला अन्तर्गत सुदुर पश्चिम प्रदेश, बझाङ्ग जिल्लाका केदारस्यूँ गाउँपालिका, वित्थडचिर गाउँपालिका र बुंगल नगरपालिकाका अतिप्रभावित क्षेत्रमा नपरेका सम्पूर्ण वडाहरु, बैतडी जिल्लाको डिलासैनी गाँउपालिकाको अति प्रभावित क्षेत्रमा नपरेका सम्पूर्ण वडाहरु, दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिकाको अतिप्रभावित क्षेत्रमा नपरेका सम्पूर्ण वडाहरुका स्थानिय बासिन्दाहरुलाई ३५% अर्थात ४,९०,००० कित्ता) तथा सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशनको लागि छुट्याइएको २५% अर्थात रु.३५,००,००,०००/– (अक्षरेपी पैत्तिस करोड मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको ३५,००,००० कित्ता शेयर (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको लागि १०% अर्थात ३,५०,००० कित्ता तथा सामूहिक लगानी कोषहरुलाई ५% अर्थात् १,७५,००० कित्ता, कम्पनीमा कार्यरत कामदार/कर्मचारीहरुलाई ३% अर्थात् १,०५,००० कित्ता समेत) सर्वसाधारणहरुमा प्रारम्भिक सार्वजनिक निष्काशनको लागि छुट्याईएको छ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र

यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ। साथै यस कम्पनीको आ.व.२०८१।८२ को वार्षिक साधारण सभा मिति २०८२/०९/०४ गते सम्पन्न भई कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यस कम्पनी, कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको व्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०९/०९ गतेको पत्रबाट प्राप्त भएको छ।

**(ञ) धितोपत्र बिक्रि वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित शेयर बिक्रि वितरण गर्न आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुको हकमा बझाङ तथा काठमाण्डौ जिल्लामा संकलन केन्द्रहरुको व्यवस्था गरिएको हुँदा उक्त संकलन केन्द्रहरुमा सम्पर्क गरी आवेदन दिन सकिने छ। त्यस्तै वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु तथा सर्वसाधारणहरुको हकमा नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट C-ASBA प्रणालीबाट आवेदन दिन सकिने व्यवस्था भएको साथै सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले प्रयोगमा ल्याएको मेरो शेयर (MERO SHARE) बाट समेत आवेदन गर्न सकिनेछ।

**(ट) रेटिङ्ग सम्बन्धी ब्यबस्था :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस नेपाल लिमिटेड, काठमाण्डौबाट मिति २०८०/०१/२१ मा क्रेडिट रेटिङ्ग गराई "[CARE-NP BB- (Is) [Double B Minus (Issuer)]" प्रमाणपत्र प्राप्त गरेकोमा मिति २०८२/०९/१५ मा उक्त रेटिङ्ग upgrade भई "[CARE-NP BB (Is) [Double B (Issuer)]" प्राप्त भएको छ। "[CARE-NP BB (Is) [Double B (Issuer)]" ले Moderate risk of default regarding timely servicing of financial obligations in Nepal बुझाउँछ। यो २०८२/०९/१५ मा सोहि रेटिङ्ग एजेन्सीबाट (Upgrade) भएको हो र यसको बैधता २०८३/१०/०९ (जनवरी २३, २०२७) सम्म रहनेछ। केयर रेटिङ्गस नेपाल लिमिटेडले “CARE-NP AAA (Is)” देखि “CARE-NP D (Is)” सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा रेटिङ्ग "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने “CARE-NP D (Is)” ले कमजोर आधारहरू जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ।

**रेटिङ्ग प्रदान गरेको मिति : डिसेम्बर** ३०,**२०२५** (मिति २०८२/०९/१५)
**बहाल रहने अवधि : जनवरी २३, २०२७** (मिति २०८३/१०/०९)

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्था निष्काशन तथा बिक्रि प्रबन्धक सानिमा क्यापिटल लिमिटेड सम मार्ग, काठमाडौं रहेको छ।

**(ड) सकारात्मक पक्षहरु :**

१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष शतप्रतिशत आयकर छुट हुने तथा सो पश्चात् अर्को ५ वर्ष ५० प्रतिशत आयकर छुट रहेको।

२) यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको।

३) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।

४) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्ज्वल रहेको।

५) संस्थापक शेयरधनीहरु जलविद्युत क्षेत्रमा अनुभवी कम्पनी तथा व्यक्तिहरु भएको।

**(ढ) धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का व्यव्स्थाहरु देहाय बमोजिम रहेको छ :**

**(१) कम्पनी आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि अवश्यक कार्यहरु अगाडि बढाई एक बर्षको अवधि पूरा गरिसकेको :** यस कम्पनी मिति २०७८/०३/३० गते लिमिटेड कम्पनीको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई कारोबार सञ्चालन गरिएको छ।

**(२) नियमानुसार लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको :**

- यस कम्पनीको आ.व २०८१/२०८१ को लेखापरीक्षण श्री एस.एस.ए. एसोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्सद्वारा सम्पन्न गरिएको हो।

- यस कम्पनीको आर्थिक वर्ष २०८१/२०८२ को वार्षिक साधारण सभा मिति २०८२/०९/०४ गते सम्पन्न भएको हो ।

(३) **प्रचलित कानुन बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको :** यस कम्पनीले आयोजनाको निर्माण तथा संचालनको लागि ऐनमा व्यवस्था भए अनुसार विद्युत विकास विभागबाट मिति २०७२/१२/१४ गतेका दिन विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरी कार्य गर्दै आइरहेको छ । आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणलाई प्रसारण प्रणाली भएको ठाउँमा पुऱ्याई बिक्री गर्न, प्राधिकरणसँग पनि विद्युत शक्ति खरीद/बिक्री सम्झौता मिति २०७२ साल आषाढ १५ गते भैसकेको छ ।

(४) **संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको :** कम्पनीले आयोजनाको लागि आवश्यक सम्पुर्ण जग्गाहरु खरिद गरी हाल आयोजना सञ्चालनमा रहेको छ ।

(५) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि अवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाइसकेको :** यस कम्पनीको आयोजनाका लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा खरिद भई हाल आयोजना सञ्चालनमा रहेको छ ।

(६) **धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्रि प्रबन्धकसँग सम्झौता भईसकेको :** निष्काशन कम्पनी र धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक बिच धितोपत्र निष्काशन सम्बन्धी सम्झौता भईसकेको ।

(७) **आयोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको :** यस कम्पनीले निर्माण गरेको कालंगागाड जलविद्युत आयोजनाको लागि श्री नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको अगुवाईमा फाइनान्सियल क्लोजर भै आयोजनाको निर्माण कार्य सम्पन्न भई मिति २०७९/१०/२७ गतेदेखि विद्युत उत्पादन तथा विक्री भईरहेको छ ।

(८) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको :** यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग मिति २०७२/०३/१५ गते विद्युत खरिद बिक्रि सम्झौता गरिसकेको ।

(९) **आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको :** यस कम्पनीले आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको ।

(१०) **संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको :** संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको ।

(११) **सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको : यस कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम श्री हिमालयन क्यापिटल लिमिटेड र हिमालयन सामुहिक लगानी कोष अन्तर्गत सञ्चालित श्री हिमालयन क्यापिटल लिमिटेड द्धारा व्यवस्थापन गरिएको "हिमालयन ८०-२०" सँग सम्झौता गरी प्रत्याभुति गराएको ।**

(ण) **शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था : सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले** तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(त) धितोपत्र बिक्रि खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्र (अति प्रभावित र प्रभावित) का स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ कार्यदिन र बढीमा १५ दिनसम्म हुनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीलाई शेयर बाँडफाँड पश्चात्सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ । सर्वसाधारणहरुको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिन हुनेछ ।

ग. २३. **यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| क.स. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | खगेश्वर बोहरा | अध्यक्ष | |
| २. | विद्या लिम्बू | सञ्चालक | |
| ३. | तिर्थराज चटौत | सञ्चालक | |
| ४. | सम्पुर्ण लिम्बू | सञ्चालक | |
| ५. | सुगम घिमिरे | सञ्चालक | |

ग.२४. निष्काशन तथा बिक्रि प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

**SanimaCapital**
(A wholly owned subsidiary of Sanima Bank Ltd.)

**Ref. No: SCL/MBD/800/2082/083**

मिति : २०८२/१०/२९

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

**विषय : प्रतिवद्धता पत्र वारे ।**

महोदय,

कम्पनी ऐन २०६३ बमोजिम स्थापित श्री कालंगा हाइड्रो लिमिटेड ल.पु.म.न.पा-३, धोबिघाट, ललितपूरले आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दा तथा सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशनको लागि छुट्याएको जारी पूँजी रु.१,४०,००,००,०००/- (अक्षरेपी एक अर्ब चालीस करोड मात्र) को ३५% अर्थात रु.४९,००,००,०००/– (अक्षरेपी उनान्पचास करोड रुपैंया मात्र) रकम बराबर प्रति शेयर अंकित मुल्य रु.१००/- दरको ४९,००,००० कित्ता शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही जारी पूँजीको १०% अर्थात रु.१४,००,००,०००/– (अक्षरेपी चौध करोड रुपैंया मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको १४,००,००० कित्ता शेयर तथा बाँकी रहेको २५% अर्थात रु.३५,००,००,०००/–(अक्षरेपी पैत्तिस करोड रुपैंया मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको ३५,००,००० कित्ता शेयर (जसमध्ये नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको लागि १०% अर्थात् ३,५०,००० कित्ता, सामूहिक लगानी कोषहरुलाई ५% अर्थात् १,७५,००० कित्ता, कम्पनीमा कार्यरत कामदार/कर्मचारीहरुलाई ३% अर्थात् १,०५,००० कित्ता समेत) सर्वसाधारणहरुमा सार्वजनिक निष्काशन गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस सानिमा क्यापिटल लिमिटेड मन्जुर गर्दछ । सर्वसाधारणलाई शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । प्रस्तावित विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धमा धितोपत्र सम्बन्धि ऐन २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा धितोपत्र सम्बन्धि ऐन, २०६३ अन्तर्गत बनेको अन्य नियमावली, विनियमावली, निर्देशिका समेतको पालना गरिएको उद्घोषण यस सानिमा क्यापिटल लिमिटेडको रहेको छ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराइन्छ ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी तहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कम्पनीको कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन २०६३ र सो अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्ता कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

५. तहाँ बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेखित सम्पुर्ण कुराहरुको अध्ययन गरि सो अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाइएको छ ।

**धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक :**
सानिमा क्यापिटल लिमिटेडको तर्फबाट

| | | |
|---|---|---|
| नाम | : | विकास खनाल |
| पद | : | प्रमुख कार्यकारी अधिकृत |
| दस्तखत | : | [signature] |
| कार्यालयको छाप | : | SanimaCapital |

01-4540508
Sanima Capital Limited, Narayanchour, Naxal, Kathmandu, Nepal | Tel.: ~~+977-1-4428956/57~~ | Fax : +977-1-4428958 | Email: sanimacapital@sanimabank.com | www.sanima.capital

"Securities Businessperson (Merchant Banker) Licensed by SEBON"

ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

# SSA ASSOCIATES
## CHARTERED ACCOUNTANTS

Naxal, Kathmandu, Nepal
+977-1-5359874
info@ssanepal.com
www.ssanepal.com

**Independent Auditor's Review Report**

**To the Board of Directors of Kalanga Hydro Limited**

**Report on the Interim Financial Statements**

We have reviewed the accompanying condensed interim financial statements of **Kalanga Hydro Limited**, which comprise the condensed statement of financial position as at **Poush 30 2082**, and the related condensed statements of profit or loss and other comprehensive income, changes in equity and cash flows for the nine-month period then ended, and selected explanatory notes.

**Management's Responsibility**

Management is responsible for the preparation and fair presentation of these interim financial statements in accordance with **Nepal Accounting Standard, Interim Financial Reporting (NAS 34)**. This responsibility includes designing, implementing and maintaining internal control relevant to the preparation and fair presentation of interim financial statements that are free from material misstatement, whether due to fraud or error.

**Auditor's Responsibility**

Our responsibility is to express a conclusion on these interim financial statements based on our review. We conducted our review in accordance with **Nepal Standard on Review Engagements (NSRE) 2410**, *Review of Interim Financial Information Performed by the Independent Auditor of the Entity*. A review of interim financial information consists of making inquiries, primarily of persons responsible for financial and accounting matters, and applying analytical and other review procedures. A review is substantially less in scope than an audit conducted in accordance with **Nepal Standards on Auditing**, and consequently does not enable us to obtain assurance that we would become aware of all significant matters that might be identified in an audit. Accordingly, we do not express an audit opinion.

**Conclusion**

Based on our review, nothing has come to our attention that causes us to believe that the accompanying interim financial statements are not prepared, in all material respects, in accordance with **NAS 34, Interim Financial Reporting**.

S.S.A. ASSOCIATES CHARTERED ACCOUNTANTS KATHMANDU

Shree Krishna Thapa Magar, FCA
SSA Associates
Chartered Accountants
2082.10.26
Naxal, Kathmandu
**UDIN: 260209CA00924WYSMp**

New Baneshwor,
Kathmandu
9851204402
casaphal2014@gmail.com
www.skwagle.com

# S.K. WAGLE & ASSOCIATES

**CHARTERED ACCOUNTANTS**

**श्री कालङ्गा हाइड्रो लिमिटेडको**
**सञ्चालक समिति समक्ष**
**श्री कालङ्गा हाइड्रो लिमिटेड व्यवस्थापनले तयार गरेको प्रक्षेपित वित्तीय विवरणमाथि**
**धितोपत्र निष्काशन तथा नियमावली २०७३ बमोजिमको प्रतिवेदन**

हामीले आ.व. २०८२/८३ , २०८३/८४, २०८४/८५, २०८५/८६ र २०८६/८७ को लागि व्यवस्थापनबाट तयार गरिएको प्रक्षेपित वित्तीय विवरणमाथि राय व्यक्त गर्ने सम्बन्धी प्रचलित लेखापरीक्षणमान (NSAE- 3400) अनुसार श्री कालङ्गा हाइड्रो लिमिटेड व्यवस्थापनले तयार गरेको प्रक्षेपित वित्तीय विवरण जाँच गरेका छौं ।

प्रक्षेपित वित्तीय विवरण तयार गर्दा प्रयोग भएका वित्तीय विवरणमा संलग्न उल्लिखित पूर्वधारणा (assumptions) लगायत प्रक्षेपित वित्तीय विवरण तयार गर्ने दायित्व श्री कालङ्गा हाइड्रो लिमिटेडको व्यवस्थापनमा रहेको छ । प्रस्तुत प्रक्षेपित वित्तीय विवरणहरु सर्वसाधारणमा पहिलो शेयर निष्काशन (IPO) गर्ने प्रयोजनका लागि कम्पनी ऐन २०६३, धितोपत्रसम्बन्धी ऐन २०६३ तथा धितोपत्र निष्काशन तथा नियमावली २०७३ को कानुनी परिपालना गर्ने सन्दर्भमा विवरणपत्र (prospectus) बनाउन व्यवस्थापनबाट तयार गरिएको हो । यस्तो प्रक्षेपित वित्तीय विवरण अन्य प्रयोजनको लागि प्रयोग गर्न उपयुक्त नहुन पनि सक्दछ ।

व्यवस्थापनले बनाएको पूर्वधारणालाई जाँच गर्दा प्राप्त तथ्य/प्रमाणको आधारमाः

1. आ.व. २०८२/८३ , २०८३/८४, २०८४/८५, २०८५/८६ र २०८६/८७, को प्रक्षेपित वित्तीय विवरण तयार गर्न प्रयोग भएका पूर्वधारणाहरु उचित छैनन् भन्ने लाग्ने गरी कुनै तथ्य/प्रमाणहरु हामीले फेला पार्न सकेनौं । त्यस्तै, हाम्रो रायमा प्रक्षेपित वित्तीय विवरण व्यवस्थापनले बनाएको पूर्वधारणामा आधारित छन् र यस्तो वित्तीय विवरण व्यवस्थापनको अनुमान (best estimate) पूर्वधारणाको आधारमा प्रस्तुत गरिएको छ ।

2. प्रस्तुत प्रक्षेपित वित्तीय विवरणसँग संलग्न आ.व. २०७९/८०, २०८०/८१ र २०८१/८२ को वित्तीय विवरणहरु कम्पनीको बाह्य लेखापरीक्षकले प्रमाणित गरेका विवरणहरु हुन् र ती आ.व. का लागि लेखापरीक्षित अंकहरु नै संलग्न विवरणमा समावेश गरिएका छन् ।

3. आ.व. २०८२/८३ दोस्रो त्रैमासिक सम्मको सन्दर्भमा ती विवरणहरु लेखापरीक्षण गरिएका वित्तीय विवरण नभएको र त्यस्ता विवरणहरु कम्पनीको वास्तविक कारोबारको आधारमा कम्पनी व्यवस्थापनले तयार गरी प्रमाणित गरेको आधारमा संलग्न गरिएको छ । संलग्न वित्तीय अंकहरुको यथार्थताको सन्दर्भमा छुट्टै लेखापरीक्षण गरिएको छैन, र व्यवस्थापनले प्रमाणित गरेको आधारमा प्रमाणित गरिन्छ ।

4. आ.व. २०८२/८३ , २०८३/८४, २०८४/८५, २०८५/८६ र २०८६/८७ को प्रक्षेपित वित्तीय विवरणसँग सम्बन्धित व्यवस्थापनले बनाएको पूर्वधारणाअनुरुपका घटनाहरु परिघटित भएको अवस्थामा पनि, त्यस्ता घटनाहरु

S.K. Wagle & Associates
Kathmandu
Chartered Accountants

प्रक्षेपणभन्दा फरक तरीकाले घट्न सक्ने कारण आगामी वर्षहरुमा प्राप्त हुने वास्तविक परिणाम प्रक्षेपणभन्दा सारभूतरुपमा फरक पर्न सक्दछ ।

सिए. श्री सफल कुमार वाग्ले
एस. के. वाग्ले एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स
मितिः २०८२/१०/२६
स्थानः काठमाडौं ।

**UDIN: 260209CA01201sceTj**

**SSA ASSOCIATES**
CHARTERED ACCOUNTANTS

Naxal, Kathmandu, Nepal
+977-1-5359874
info@ssanepal.com
www.ssanepal.com

## INDEPENDENT AUDITOR'S REPORT

**To the Shareholders of**
**Kalanga Hydro Limited**

### Opinion

We have audited the accompanying financial statements of **Kalanga Hydro Limited**, Kathmandu, Nepal which comprise the Statement of Financial Position as at Asadh 32, 2082 (corresponding to 16 July 2025), Statement of Profit or Loss and other Comprehensive Income, Statement of cash flows and Statement of Changes in Equity for the year then ended and notes to the financial statements, including a summary of significant accounting policies.

In our Opinion, the accompanying financial statements present fairly, in all material aspects, the financial position of the company as at Ashadh 32, 2082 (corresponding to 16 July 2025), and of its financial performance and its cash flows for the year ended in accordance with the Nepal Financial Reporting Framework.

### Basis of Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the financial Statements section of our report. We are independent of the Company in accordance with the ICAN's Handbook of code of ethics for Professional Accountants together with the ethical requirements that are relevant to our audit of the financial statements, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN's Handbook of code of ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

### Key Audit Matters

Key audit matters are those matters that, in our professional judgment, were of most significance in our audit of the standalone financial statements for the year ended Ashad 32, 2082. These matters were addressed in the context of our audit of the financial statements, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters. We have determined the matter described below to be the key audit matters to be communicated in our report. We have fulfilled the responsibilities described in the 'Auditor's Responsibilities for the Audit of the Financial Statements' section of our report, including in relation to these matters. Accordingly, our audit included the performance of procedures designed to respond to our assessment of the risks of material misstatement of the financial statements. The results of

our audit procedures, including the procedures performed to address the matters below, provide the basis for our audit opinion on the accompanying financial statements.

| Key Audit Matter | How our audit addressed the key audit matter |
|---|---|
| **Long-Term and Short-Term Borrowings** | |
| As on Ashadh 32 2082, the Long-Term and Short-Term Borrowings is Rs. 2,452,367,325 and 1,029,915,977 respectively which is 55.90% and 23.47% of the total Assets of the current fiscal year. | • We confirmed that any new borrowings were taken during the current fiscal year.<br>• We reviewed all loan repayment through bank statements.<br>• We also obtained balance confirmation as on Ashadh 32 2082 from the respective banks to verify the Loan as per ledger is tallying with Borrowing balance shown by the banks. |

**Other Information**

Management is responsible for the other information. The other information comprises the information included in Directors Report of Annual Report but does not include the consolidated financial statements and our auditor's report thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the consolidated financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the consolidated financial statements, or our knowledge obtained in the audit or otherwise appears to be materially misstated.

**Management's Responsibility for Financial Statement**

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Financial Reporting Standards (NFRS) and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are fee from material misstatements, whether due to fraud and error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as going concern, disclosing, as applicable matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

S.S.A. ASSOCIATES CHARTERED ACCOUNTANTS KATHMANDU

**Auditor's Responsibility**

Our objectives are to obtain reasonable assurance whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when exists. Misstatement can arise from fraud and error and considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of the users taken on the basis of these financial statements.

**Report on Other Legal and Regulatory Requirements**

a. We have obtained prompt replies to our queries and explanations asked for.

b. The financial statements are in agreement with the books of accounts maintained by the company.

c. The accounts and records of the company have been accurately maintained in accordance with the law and practice.

d. In our opinion and to the best of our information and according to the explanation given to us, the Board of Directors, the representative or any employee of the Company has not acted contrary to the provision of law relating to accounts nor caused direct loss or damage to the Company deliberately or acted in a manner that would jeopardized the interest and security of the company except for the section 86 of the Companies Act and the business of the Company appears to have been conducted satisfactorily.

Shree Krishna Thapa Magar, FCA
Partner

S.S.A. ASSOCIATES CHARTERED ACCOUNTANTS KATHMANDU

For SSA Associates
Chartered Accountants
Place: Kathmandu, Nepal
Date: 2025.11.21

**UDIN: 251123CA009244WF68**